هذا هو الإسلام - نيبالي

# यही नै इस्लाम हो




جمعية الدعوة والإرشاد وتوعية الجاليات بالزلفي

هاتف: ٤٢٣٤٤٦٦ ٠١٦ . فاكس: ٤٢٣٤٤٧٧ ٠١٦



281

هذا هو الإسلام - نيبالي

# यही नै इस्लाम हो


جمعية الدعوة والإرشاد وتوعية الجاليات في الزلفي

Tel: 966 164234466 - Fax: 966 164234477

# هذا هو الإسلام - نيبالي

## أعده وترجمه إلى اللغة النيبالية

**جمعية الدعوة والإرشاد و توعية الجاليات بالزلفي**

**الطبعة الثانية : ٨ / ١٤٤٢ هـ**


ح المكتب التعاوني للدعوة والإرشاد و توعية الجاليات بالزلفي

فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر

المكتب التعاوني للدعوة والإرشاد و توعية الجاليات بالزلفي

**هذا هو الإسلام** - الزلفي، ١٤٤١هـ

٨٠ ص ؛ ١٢× ١٧ .سم

ردمك: ٣-٢١-٨٢٤٣-٦٠٣-٩٧٨

١ـ الإسلام ــ مبادئ عامة أ. العنوان

ديوى ٢١١ ١٤٤١/٢٢٦

رقم الإيداع: ١٤٤١/٢٢٦

ردمك: ٣-٢١-٨٢٤٣-٦٠٣-٩٧٨

# هذا هو الإسلام

# यही नै इस्लाम हो

## भूमिका

यदी मनुष्यले यस संसारमा हेर विचार गर्छ जसमा त्यो बसोबास गरिरहेको छ र यस सुन्दर र विशाल ब्रम्हाण्ड तिर हेर्छ, आकाश, र त्यसमा रहेका थुप्रै ताराहरु जो की एउटा महान व्यवस्थाको कारण चली रहेका छन, पृथ्वी र त्यसमा रहेका सबै पहाड खोला नाला रुख खेतीबारी हावा पानी समुन्द्र त्यसै गरी दिन र रात्री यदि यि सबै माथी मान्छेले सोच विचार गर्दछ भने आफुसंग यो प्रश्न गर्छ कि यि सबै वस्तुहरुलाई कसले सृष्टि गर्नु भएको छ ।

आकाशबाट वर्षा कसले गर्दछन जसको बिना मानव जिवन अस्थ व्यवस्थ भईहाल्छ, र त्यस बाट अन्न, रुख, र फलफूलको उत्पादन कसले गर्छन जसबाट मनुष्य र जनावरहरुको आवश्यक्ता पुरा हुन्छ, र धर्तीलाई यि सबै सामाग्रीहरुको सुरक्षाको लागी तयार गर्नु भएको छ ।

त्यो को हुन जसले धर्तीलाई त्यसमा भएको वस्तुहरुको आवश्यक्ता अनुसार आकर्षण बनाउनु भएको छ, र आफु तर्फ खिच्ने शक्ती प्रदान गर्नु भएको छ, त्यसमा वृद्धि हुदैन जसकारण पृथ्वी माथी हिडन गाह्रो भइहालोस, र त्यसमा कमी पनि हुदैन जसकारण वस्तुहरु उडी हालोस् ।

त्यो को हुन जसले मानिसहरुलाई नयाँ ढगं ले सृष्टि गनु भएको छ अनी तिनीहरुलाई सर्वोत्तम आकारमा बनाउनु भएको छ ।

जब मानछेले स्वयं आफु माथी चिन्तन गर्दछ भने त्यो आफ्नो सृष्टिकर्ताको सृष्टिमा र उहाँको महान सृजनामा धेरै आश्चर्यजनक कुराहरु पाउँछ

तपाई आफ्नो शरीरको सृजनामा केही सोचविचार गर्नु जोकी एउटा महान कौशल र बुद्धिले बनाइएको छ त्यसमा रहेका हरेक पार्टपुर्जा राम्रो शैलीबाट आफ्नो कार्य गर्दैछन, त्यस मध्ये थोरै कार्य तपाईलाई थाहा हुन्छ र थुप्रै पार्टहरुको कार्यको बारेमा तपाईलाई थाहा हुदैन् र त्यसलाई नियन्त्रणमा राख्ने क्षमताको त कुरै छाड़ीदिनुस् ।

त्यसै गरी जुन हावामा तपाई स्वास फेर्नु हुन्छ त्यसलाई हेर्नु यदी त्यो हावा एक क्षणको लागी बन्द भयो भने जिवन समाप्त भई हाल्छ त्यसलाई कसले बनाउनु भएको छ ?

त्यसै गरी जुन खाना र पानी तपाईले खानु हुन्छ त्यसलाई हेर्नु त्यसै गरी पृथ्वी जसमाथी तपाई हिड्दैहुनुहुन्छ र आकाश र त्यसमा रहेका सबै वस्तुहरु र सूर्य जसले तपाईलाई प्रकाश दिइरहेकोछ, चन्द्रमा, ताराहरु र त्यो सबै वस्तु जसलाई तपाईले आफ्नो आँखा बाट हेर्दै हुनुहुन्छ यि सबैलाई कसले सृजना गर्नु भएको छ ?

यि सबै वस्तुहरुको सृष्टिकर्ता र विधाता एउटै अल्लाह नै हुन् उहाँले सबै ब्रम्हाण्डको सृष्टि गर्नु भएको छ,तिनी एउटै नै छन, र सबै संसार एकलै चलाई रहेकाछन र सबै वस्तुहरु उहाँकै आज्ञाको अधीन छन ।

अल्लाह नै तपाईको पालनकर्ता हुन् उहाँले नै तपाईको सृष्टि गरेका छन, उहाँले नै रोजी र आहार प्रदान गर्छन, जिविका प्रदान गर्छन र मृत दिन्छन उहाँले नै तपाईको सृष्टि गर्नु भयो जब कि तपाई केही पनि थिएनौ, जस्तै कि सारा संसार र संसारमा रहेका सम्पूर्ण सामाग्रीहरु को सृजना गर्नु भयो जबकि यस संसारको केही पनि अस्तित्व थिएन् ।

यि सबै सत्य प्रमाणहरु हेरेर के एउटा बुद्धिमान मान्छेले यो भन्छ कि यस ब्रम्हाण्डको सृष्टीकर्ता कोही पनि छैन ? र यस

संसारको सृष्टि व्यर्थ र बेकारमा भएको छ ? के मानिसहरु आफै जन्म लिन्छन् र लामो समयसम्म यस पृथ्वीमा बस्दछन् फेरि आफै तिनीहरुको मृत्यु भईहाल्छ ? अनि यस्तै सबै वस्तुहरु समाप्त भई हाल्छन ?
यदि यो सत्य होइन भने हामी सबै मनुष्यहरुको सृष्टि किन भएको छ ?

## हाम्रो जन्मको उद्देश्य

अल्लाह तआलाले हामीहरुलाई मात्र आफ्नो उपासनाको लागी सृष्टिगर्नु भएको छ, र हाम्रो मार्गदर्शन र अफ्नो उपासनाको विधी र शैलीहरु बताउनको लागी संदेष्टाहरुलाई पठाउनु भएको छ र ग्रन्थहरु अवतरित गर्नु भएको छ, जुन मानिसहरु अल्लाहको पुजा र उपासना गरेर उहाँको आज्ञापालन गरे र उहाँले रोकेको कुराहरु बाट टाढाँ बसे तिनीहरु मार्गदर्शित र सफल भइहाले,
र जसले अल्लाहको उपासना गरेन र उहाँको आज्ञाको उल्लँघन गर्यो त्यो अल्लाहको क्रोध र ठूलो सजायको भागीदार भइहाल्यो, अल्लाह तआलाले यस संसारिक जीवनलाई कर्म र परीक्षाको जीवन बनाउनु भएको छ ।
यस पछी अल्लाह तआलाले सबै मनुष्यहरुलाई प्रतीफलको दिनमा हिसाब किताब र कर्महरुको बदला दिनको लागी जम्मा गर्ने छन र त्यहाँ स्वर्ग बनाउनु भएको छ जसमा अनेकौ प्रकारका उपहार र थुप्रै अनुकम्पाहरु छन् जसलाई कुनै आखाँले हेरेको छैन र कुनै कानले पनि सुनेको छैन र कुनै मान्छेको हृदयमा त्यसको कल्पना पनि अएको छैन, त्यसलाई अल्लाह तआलाले मुस्लिम र सदाचारीहरुको लागी तयार पार्नु भएको छ, जुन मान्छेहरुले उहाँ माथी विशवास गरेर उहाँको आज्ञा पालन गरे ।

र त्यसतै अल्लाह तआलाले नरक लाई पनि बनाउनु भएको छ जसमा धेरै प्रकारका सजाय, यातना र पीडाहरु छन जसलाई कुनै मान्छेले सोच्न पनि सक्दैन अल्लाह तआलाले त्यसलाई नास्तिक र काफिरहरुको लागी तयार पार्नु भएको छ जुन मान्छेहरुले अल्लाहको उपासना गरेनन् र इस्लाम बाहेक अन्य धर्म को अनुशरण गरे ।

## इस्लाम भनेको के हो ?

इस्लाम त्यो सत्य धर्म हो जसलाई सबै संसारको सृष्टिकर्ता अल्लाहले रोज्नु भएको छ र त्यसको नामाकरण सवयं गर्नु भएको छ, यसले एउटै अल्लाहको उपासना र अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको आज्ञापालनको आदेश दिन्छ, अल्लाह तआलाले इस्लाम बाहेक अरु कुनै धर्मलाई कहिल्यै पनि स्वीकार गर्दैनन् र इस्लाम कुनै खास व्यक्ति र कुनै खास कुल वशंको धर्म होइन् यो सबै मनुष्य जातीको लागी अनिवार्य गरिएको छ ।

अल्लाह तआलाले मान्छेहरु माथी केही कुराहरु अनिवार्य गर्नु भएको छ र केही कुराहरु वर्जित र निषेध गर्नु भएको छ जुन मान्छेले त्यसको आज्ञापालन गर्छ त्यो मार्गदर्शित र सफल भइहाल्छ, र जुन मान्छेले त्यसको अवज्ञा गर्छ त्यसको आदेशको उल्लघंन गर्छ त्यो पथभ्रष्ट र क्षतिग्रत भइहाल्छ ।

इस्लाम कुनै नयाँ धर्म होइन बरु यसलाई अल्लाह तआलाले यस ब्रम्हाण्डको सृष्टि गर्ने बित्तिकै रोज्नु भएको थियो अथवा मानवजातिको शुरुआत देखी नै यस धर्मको शुरुआत भएको हो र इस्लाम नै त्यो सत्य धर्म हो जसको प्रचार प्रसार अल्लाहका सबै संदेष्टाहरुले गरे ।

## मानवजातीको सृष्टिको इतिहास

मानिसजातिको सृष्टिको इतिहास तब देखी नै शुरु भएको छ,जब अल्लाहले हामी सबैका पूर्वज (प्रथम पिता) आदम अलैहिस्सलाम

को सृष्टि गर्नु भयो, अल्लाहले उहाँलाई माटो बाट सृजना गर्नु भयो र त्यसमा प्राण (आत्मा) हाल्नु भयो र त्यस पछि उहाँलाई सबै वस्तुहरुको नाम सिकउनु भयो र उहाँको आदर र सम्मानको लागी अल्लाहले सबै देवदूतहरु लाई आदम अलैहिस्सलाम को अगाडी ढोग्न आदेश दिनु भयो सबै फरिष्ताहरुले ढोगे तर इब्लीस (शैतानहरु का नायक) ले आदम अलैहिस्सलामसंग घमण्ड र ईर्ष्या गर्दै ढोगेन, तब अल्लाहले त्यसलाइ आकाश लोकबाट तल झारी हाल्नुभयो अनि त्यसलाई घृणित, तिरस्कृत र अपमानित गरेर स्वर्ग बाट निष्कासित गर्नु भयो र त्यसलाई धिक्कार र श्राप दिदै त्यसमाथी नर्क अनिवार्य गरी दिनुभयो ।

त्यस पछि आक्रोशित भएर इब्लीसले अल्लाहसंग यो प्राथना गर्यो कि मलाई प्रलयको दिन सम्म छूट प्रदान गरिदिनुस्, अल्लाहले त्यसलाई छूट प्रदान गरिदिनु भयो तब इब्लीसले यो प्रतिज्ञा गर्यो कि त्यसले आदम अलैहिस्सलामका सबै सन्तानहरुलाई सोझो बाटोबाट बिचलित गर्छ अनि तिनीहरुलाई पथभ्रष्ट पार्छ ।

त्यसपछि अल्लाहले आदम अलैहिस्सलाम बाट उहाँको पत्नी हव्वा अलैहास्सलाम लाई सृष्टि गर्नु भयो ताकि उहाँले आफ्नो स्वास्नी बाट सुख र शान्ति प्राप्त गर्न सकुन् र अल्लाहले दुबैजनालाई यो आदेश दिनु भयो कि स्वर्गमा बसोबास गर्नु र त्यसमा रहेका हरेक प्रकारका सर्वोत्तम आहारहरु खाऊ र अल्लाहले इब्लीसको शत्रुतालाई पनि बताउनु भयो र ती दुबै जनाको परीक्षा र जाँचको लागी स्वर्गमा रहेको एउटा रुखको छेउमा जान बाट मनाही गर्नु भयो तर शैतानले तिनीहरुलाई पथभ्रष्ट पार्नको लागी शपत लिएको थियो त्यसै कारण त्यो गएर दुबै जनाको मनमा कौतुहलको सृजना गरिदियो र त्यस रुखको फल खानको लागी प्रोत्साहित गर्यो अनि शपथ खाएर भन्न थाल्यो कि म तिम्रो हितैसी हुँ अनि भन्यो यदि तिमीले यस

रुखको फल खाइहाल्छौ भने तिमीहरु लाई शाश्वत अमरत्व प्राप्त भई हाल्छ अनि तिमी सदैव सदैवका लागी स्वर्गमा बस्ने छौ र यदी यस फललाई खाएनौ भने अल्लाहले तिमीलाई पृथ्वीमा झारी दिन्छ शैतानले बराबर उहाँहरु लाई बिचलित गर्ने प्रयासमा लागेको थियो यहाँ सम्म कि त्यस लाई सफलता पनि प्राप्त भयो अनि ति दुबै जनालाई तिरस्कृत गरी दियो र ती दुबैजनाले त्यस फललाई खाई हाले र आफ्नो पालनकर्ताको आदेशको उल्लघंन गरिहाले, त्यसपछि ति दुबैजना आफ्नो कर्ममाथी धेरै पक्ष्चाताप र र्शम गरे र आफ्नो पालनकर्तासंग क्षमायाचना पनि गरे अल्लाहले तिनीहरुलाई क्षमा गरीदिनु भयो तर उहाँहरुलाई स्वर्ग बाट पृथ्वीमा झारि दिनुभयो त्यस पछि आदम र उनका पत्नि हव्वा अलैहिमास्सलामले यस धरतीमा बसोबास गर्न थाले अल्लाहले तिनीहरुको सन्तानमा धेरै वृद्धि गर्नु भयो यहाँ सम्मकि यस संसारमा फैलिएका सबै मानिसहरु उहाँकै सन्तान हुन ।

त्यस पछि शैतान र त्यसका सन्तानहरुले आदम अलैहिस्सलाम का सन्तानहरु लाई पथभ्रष्ट गर्ने र सही मार्ग बाट बिचलित पार्ने प्रयास र संर्घषमा लागेका छन ताकि उनीहरुलाई अल्लाहको बाटो बाट पथभ्रष्ट गर्दै पुण्य बाट वन्चित राखदैं प्रतिफलको दिनमा सबैजनालाई नरकमा पुर्याइ देउन्

तर अल्लाहले मनुष्यहरु लाई त्यतिकै बेकार छाड्नुभएन तिनीहरुको मार्गदर्शनको लागी सन्देष्टाहरु पठाउदै गर्नु भयो, सन्देष्टा हरुले उनीहरुका लागी सच्चा बाटोलाई प्रष्ट पारे र सफलताको बाटो तिर मार्गदर्शन गरे ।

आदम अलैहिस्सलामको देहान्त पछि उनको समुदायले दस शताब्दी सम्म मात्र एउटै अल्लाहको उपासना र अराधना गर्दै थिए त्यस पछि शैतानले तिनीहरुलाई बिचलित गरी दियो अनि तिनीहरु

अल्लाह बाहेक अर्कैको उपासना गर्न थाले अनि मानिसहरुले मूर्ति पूजाको शुरुआत गरिदिए, तब अल्लाहले आफ्नो प्रथम दुत र सन्देष्टा नूह अलैहिस्सलाम लाई पठाउनु भयो उहाँले सबै मानिसहरुलाई एक अल्लाहको पूजा र उपासना तर्फ बोलाउनु भयो र मूर्ति पूजाबाट रोक्नु भयो त्यस पछि सन्देष्टाहरुको आउने क्रम शुरु भयो तिनीहरुको श्रंखला धेरै लामो रहेको छ, ति सबैजनाको उपदेश र संदेश एउटै थियो त्यो एक अल्लाहको उपासना गर्नु र अल्लाह बाहेक सबै पूज्यहरुलाई तयाग्नु ।

त्यसै मध्ये अल्लाहका एउटा रसूल इब्राहीम अलैहिस्सलाम पनि आउनु भयो उहाँले आफ्नो समूदायलाई एक अल्लाहको उपासना र अराधना तर्फ बोलाउनु भयो र मूर्तिहरुको पुजाबाट रोक्नु भयो। फेरी अल्लाहले उनको छोरा इस्माईल र इस्हाक अलैहिमास्सलाम लाई नबी बनाउनु भयो फेरि नबुवतको श्रंखला इस्हाक़ अलैहिस्सलामको सन्तानमा रहीयो इस्हाक़ अलैहिस्सलामको सन्तानमा धेरै ठूल ठूला सन्देष्टाहरु आए जस्तै याकुब, यूसुफ, मूसा, दाऊद, सुलैमान, र ईसा, अलैहिमुस्सलाम ईसा अलैहिस्सलाम पछि इस्हाक़ अलैहिस्सलामको सन्तानहरु मध्ये कोहीपनि सन्देष्टा आएनन् ।

त्यसपछि नबुवत स्थानान्तरण भयो र इस्माईल अलैहिस्सलामको सन्तानमा सरी हाल्यो अनि अल्लाहले मुहम्मद सल्लल्लाहु अलैह वसल्लमलाई नबुवतको लागी छनौट गर्नु भयो ताकि उनी सन्देष्टा र नबीहरुको श्रंखलालाई समाप्त पारुन् र उहाँको सन्देश र उपदेश अन्तिम र समापक सन्देश भइहालोस् र उहाँमाथी आफ्नो अन्तिम ग्रन्थ कुरआनलाई अवतरित गर्नु भयो, जुन सम्पूर्ण मानिस जातिको लागी उनको पालनकर्ताको तर्फबाट आएको अन्तिम सन्देश हो त्यसै गर्दा उक्त सन्देश परिपूर्ण, र जिवनका सबै आवश्यक्ताहरु त्यसमा समावेस छन् र

यो मानव र दानवको हरेकवर्ग अरब र गैर अरब सबैको लागी छ, यो विश्वव्यापक धर्म हो हरेक समुदाय र हरेक ठाउँ र हरेक समयको लागी उचित र परिपूर्ण छ, यस धर्मले हरेक राम्रा र महान कुरालाई बताई दिएको छ र हरेक नराम्रा र दुष्ट कुराहरु बाट डराएको छ, अल्लाहले यस धर्म बाहेक अरु कुनै धर्मलाई कहिल्यै पनि स्वीकार गर्नु हुदैन

## अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम

अल्लाहले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई अन्तिम सन्देष्टा बनाएर पठाउनु भयो र उहाँको उपदेश लाई विश्वव्यापी र अन्तिम उपदेश बनाउनु भयो अल्लाहले उहाँलाई पठाउनु भयो ताकि उनी एक अल्लाहको उपासना र अराधना तर्फ बोलाउन र राम्रो मार्ग तिर मार्गदर्शन गरुन र मूर्ति र अन्य वस्तुहरु को पुजा बाट रोकुन,

मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम जब चालीस वर्षका भए तब अल्लाहले उहाँलाई नबी बनाउनु भयो यस भन्दा पहिले सानै देखी नै आफ्नो समुदायमा र सम्पूर्ण मनुष्यजातीमा उहाँ महान सदाचारी हुनु हुन्थ्यो र उहाँको सर्वोच्च गुण र राम्रो चरित्रको बखान धेरै हुन्थ्यो यहाँ सम्म कि उहाँ सच्चा सदाचारी र प्रतिष्ठित व्यक्तिको रुपमा प्रसिद्ध हुनु भयो र मानिसहरुले उहाँलाई अमीन (निष्ठावान, ईमानदार) भनेर पुकार्न थाले

उहाँ उम्मी (निरक्षर) हुनुहुन्थ्यो कसै मानिसहरुसंग पढ्न र लेख्न सिख्नु भएन् अल्लाह तआलाले उहाँ माथी आफ्नो पवित्र ग्रन्थ कुरआन करीम लाई वह्य वाणी को मार्फत अवतरित गर्नु भयो र सम्पुर्ण मानव र दानवलाई यो चुनौती दिनुभयो कि यस

कुरआन जस्तै वा मात्र त्यसको केही भाग तिमीहरुले प्रसतुत गरौ तर कसैले पनि यस चुनौतीलाई स्वीकार गर्न सकेन ।

## संक्षिप्तमा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको जीवन परिचय

उहाँको नाम मुहम्मद र पिताको नाम अब्दुल्लाह र बाजेको नाम अब्दुल मुत्तलिब बिन हाशिम हो उहाँ इस्माई बिन इब्राहीम को सन्तान मध्ये हुन, र उहाँको आमाको नाम आमिना हो, आमिना वहब की छोरी र अब्देमनाफ की नतिनि हुन, अब्देमनाफ जुहरा का छोरा थिए, र जुहरा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको बाजेको भाई थिए

आमिनासंग रसूल सल्लल्लाहु अलैहि वसल्लमको बुवा अब्दुल्लाहले बिहे गर्नु भयो र उनको साथमा तीन दिन बस्नु भयो त्यस पछि आमिना गर्भवति भइन तर उहाँको गर्भमा त्यती दुख भएन जति दुख अरु महिलाहरुको गर्भमा हुन्छ मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको जन्म ५७१ ई. मा भएको हो तपाई अत्ती सुन्दर र राम्रो बलशाली सुस्वस्य हुनुहुन्थ्यो जब उहाँ आफ्नो आमाको पेटमा हुनुहुन्थ्यो तब नै पिता अब्दुल्लाहको देहान्त भइसकेको थियो उहाँको बाजे अब्दुल मुत्तलिब ले पालन पोशणको जिम्मा बोक्नु भयो र तीन दिन सम्म उहाँको आमा आमिनाले उहाँलाई दुध खुवाइन् त्यस पछि उहाँको बाजेले बनु सअद की एउटी महीला हलीमा सादीयालाई दुध खुवाउनको लागि तय गरी दिनु भयो । अरबमा एउटा बानी यो थियो कि उनीहरु ले आफ्नो सन्तानलाई दुध खुवाउनको लागि गाउँको आईमाईहरुलाई खोज्ने गर्थे किनभने गाउँमा शरीरको राम्रो विकास र स्वास्थयको राम्रो वातावरण पाइन्छ ।

हलीमा सादियाले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई लिएपछि धेरै चमत्कार र अचम्मका कुराहरु हेरिन् त्यसै मध्ये यो

पनि हो कि उनी आफ्नो श्रीमान संग एउटी पातलो, कमजोर, र बिस्तारै हिड्ने ऊँटनी माथी चढेर आएकी थिइन् तर मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई आफ्नो काखमा लिएर फर्किने बेलामा त्यही सवारी सबै भन्दा आगाडी धेरै तेजी ले दौडी रहेकी थिइ उनको साथीहरुले त साह्रै अचम्म गर्न थाले, र हलीमाले आफै भन्छिन् कि उनको स्तनमा दुध थोरै आउन्थ्यो र भूकको कारणले उनको बच्चा सधै रोइ रहन्थ्यो तर जब मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई दुध खुवाउन शुरु गरिन् तब देखी नै उनको छातीमा धेरै दुध आउन थाल्यो, र त्यसै गरी यस भन्दा पहिले बनु साअदको क्षेत्रमा अनिकाल परी रहेको थियो र धर्ती र्निजल भइ सकेको थियो तर जब उहाँले यस बच्चालाई दुध खुवाउने सुनौलो अवसर प्राप्त गर्नु भयो तब देखि नै उनको धर्तीमा धेरै अनाजको उत्पादन हुन थाल्यो र जनावरहरुको संख्यामा पनि बृद्धि हुन थाल्यो र उनको अवस्था नै बदलिन थाल्यो, गरिबी र कठीनाइको ठाउँमा धन र खुशी आउन थाल्यो। मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले हलीमाको लालन पालनमा दुई बर्ष बिताउनु भयो, हलीमाले पनि उहाँलाई निकै ध्यान दिएर पालन पोषन गरिन् किनभने कि हलीमालाई यो अनुभव भई सकेको थियो कि यस बच्चालाई अनौठो र बेगलै प्रकारको अवस्थाले घेरि राखेको छ, दुई बर्ष पछि हलीमाले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई लिएर उहाँको आमा र बाजेको घर तिर मक्का गईन् तर हलीमाले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको कारण जुन उन्नति र प्रगती र बदलिएको परिस्थिती देखेकी थिइन् त्यसैले आमिना संग धेरै आग्रह गरिन कि दोश्रो पटकपनि उहाँलाई आफु संग राख्ने अनुमति प्राप्त भइहालोस् र आमिनाले पनि अनुमति प्रदान गर्नको लागी सहमत भइन्, हलीमा धन्य भइन् र खुशी खुशी यस अनार्थ बच्चा लाई लिएर आफ्नो गाउँ बनु साअदमा फर्केर आइन्।

फेरि दुई बर्ष पछि हलीमा सादियाले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई उहाँको आमा आमिना तिर फर्काइ दिइन् तब उहाँ को उमेर चार बर्ष भई सकेको थियो त्यस पछि दुई बर्ष उहाँ आफ्नो आमाको छाँयामा बस्नु भयो अनि जब उहाँको उमेर ६ बर्ष पुगेको थियो कि उहाँको आमाको देहान्त भइहाल्यो त्यस पछि बाजे अब्दुल मुत्तलिबले दुई बर्ष पालन पोषन गर्नु भयो फेरि उहाँको पनि मृत्यु भई हाल्यो त्यह पछि उहाँको काका अबुतालिबले लालन पालनको जिम्मेवारी लिनु भयो अबुतालिबले गरिबी र असमर्थाको बावजुद उहाँलाई आफ्नो छोरा जस्तै स्नेह दिनु भयो र विशेष रुपले ध्यान राख्नु भयो, तसर्थ मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले कहिल्यै पनि आनन्द र खुशीको जीवन बिताउनु भएन ।
जब मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम बनु सअदको गाउँमा थिए तब आफ्नो रजाई भाई अर्थात हलीमाको अर्को छोरा संग बाख्रा चराउनु हुन्थ्यो त्यसैले मक्कामा पनि त्यहाँका व्यक्तिहरु को बाख्रा चराउन थाले र मजदुरी कमाएर आफ्नो काकाको सहयोग गर्न थाले

फेरि १२ बर्षको उमेरमा उहाँले आफ्नो काका अबुतालिबसंग सिरियाको एउटा व्यपारिक यात्रामा पनि भाग लिनु भयो फेरि दोश्रो पटक खदीजा बिन्ते खुवैलिद को सम्पती र पुँजी लिएर व्यपारिक यात्रामा सहभागी हुनु भयो खदीजा मक्का की एउटी धनी विध्वा महिला थिइन् उहाँले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई अरु भन्दा धेरै मजदुरी दिइन किनकि त्यस व्यापारमा खदीजालाई धेरै फाइदा भएको थियो ।
त्यसपछि सिरिया तिर फेरि एक पटक व्यापारको लागी जानु भयो जसमा खदीजा बिन्ते खुवैलिदले धेरै पुँजी लगाएकी थिइन् र यस यात्रामा उनको सम्पतिको वकील र जिम्मेवार उनको

आफ्नो योजनाबद्ध दास मैसरा थियो मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको बरकत र उहाँको निष्ठाको कारण खदीजालाई यस व्यापारमा धेरै लाभ भएको थियो कुनैपनि यात्रामा यस्तो भएको थिएन् तब खदिजाले आफ्नो दास संग यति धेरै फाईदाको कारण सोधिन् मैसराले जवाफमा भन्नु भयो कि मुहम्मद बिन अब्दुल्लाहले सामान देखाउने र बिक्री गर्ने जिम्मेवारी लिनु भएका थिए अनि मान्छेहरु बढि संख्यामा हाम्रो सामान किन्न आउँथे त्यसैले बिना अत्यचार र बिना धोखा दिएर यती ठुला फाइदा भएको छ ।

खदीजाले आफ्नो दास मैसराको सबै कुराहरु ध्यान पुर्वक सुनिन् र यस भन्दा पहिले नै उनि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको बारेमा केहि कुराहरु जानि सकेका थिइन र यस प्रकार उनी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम लाई साह्रै मन पराउन थालिन् र उहाँसंग विवाह गर्ने इच्छुक भइन् र उहाँको इच्छाको बारेमा जानकारी प्राप्त गर्नको लागी आफ्नो एउटी नातेदारलाई पठाइन त्यति खेर मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको उमेर २५ वर्ष थियो त्यो महिला आएर खदीजाको तर्फबाट विवाहको प्रसताव राखिन् र नबी सल्लल्लाहु अलैहि वसल्लमले त्यो प्रस्ताव स्वीकार गर्नु भयो त्यसपछि विवाह सम्पन्न भयो र दुबै जनालाई एक अर्का बाट आनन्द र खुशी प्राप्त भयो र दुबै जना धन्य भए त्यसपछि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले खदीजाको धन लाई हेर विचार गर्दै व्यवपारमा लगाउँदै त्यसमा धेरै बृद्धि गर्न थाले अनि त्यसमा आफ्नो क्षमता र राम्रो अनुभव प्रस्तुत गरे, समय बितदै गयो र खदिजा लाई एक पछि एक गर्भ भएर बच्चाहरुको जन्म भयो खदीजा बाट जन्मिएका छोरीहरु मध्ये जैनब, रुकैया, उम्मे कुलसुम, र फातिमा, हुन् र छोराहरु मध्ये कासिम, र अब्दुल्लाह, हुन् तर यि दुबै छोराको सानै उमेरमा मृत्यु भई हाल्यो ।

मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले जब अफ्नो उमेरको चालिसौं बर्षमा प्रवेश गर्नु भयो त मक्काको पुर्व तिर पहाडमा हेरा नामक एउटा गुफामा एकलै बस्न थाले र त्यही केही दिन र केहि रात्री सम्म अल्लाहको उपासना र पूजामा बिताउन थाले रमजान महिनाको २१ गते को रात्रीमा जब उहाँ को उमेर ४० बर्ष पुगी सकेको थियो र उहाँ हेरा गुफामा हुनु हुन्थ्यो कि अल्लाहको फरिश्ता (देवदुत) जिब्रईल अलैहिस्सलाम प्रकट हुनु भयो र मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमसंग भन्नु भयो कि पढनु, उहाँले भन्नु भयो कि मलाई पढन आउदैन, जिब्रईल अलैहिस्सलामले फेरि दोश्रो र तेश्रो पटक त्यही दोहऱ्याउनु भयो अनि तेश्रो चोटीमा भन्नु भयो

اقْرَأْ بِاسْمِ رَبِّكَ الَّذِي خَلَقَ(٢) خَلَقَ الإِنْسَانَ مِنْ عَلَقٍ(٣) اقْرَأْ وَرَبُّكَ الأَكْرَمُ(٤) الَّذِي عَلَّمَ بِالقَلَمِ(٥) عَلَّمَ الإِنْسَانَ مَا لَمْ يَعْلَمْ(٦) ﴾. [العلق].

अर्थात, आफ्नो पालनकर्ता को नाम लिएर पढ जसले सृष्टि गरेको छ जसले मानिसहरुलाई रगत को थोपाबाट बनाएको छ तिमी पढ्दै गर तिम्रो पालनकर्ता धेरै दयावान छ, जसले कलमको माध्यम बाट शिक्षा प्रदान गरेको छ जसले मान्छेहरुलाई त्यो शिक्षा प्रदान गरेको छ जुन उनिहरुलाई थाहा थिएन् (सुरह अलअलक् १. ५)

फेरि जिब्रईल अलैहिस्सलाम त्यहाँबाट फर्किहाले र रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लम हेरा गुफामा त्यस भन्दा अधिक बस्न साहस गर्न सकेनन् र आफ्नो घर तिर फर्किनु भयो र आफ्नो श्रीमती खदीजाको कोठामा यस अवस्थामा पुग्नु भयोकि तपाईको मुटुको धडकन साह्रै तेज भइसकेको थियो र श्रीमतीसंग भन्नु भयो कि मलाई च्यादर उढाई देउ मलाई च्यादर उढाई देउ खदीजा रजियल्लाहु अन्हाले उहाँलाई च्यादर उढाई दिनु भयो यहाँ सम्म कि तपाईले जब भय बाट मुक्त हुनु भयो तब खदीजा रजियल्लाहु अन्हालाई घटनाको तपसील

बताउनु भयो र भन्नु भयो कि मलाई आफ्नो ज्यानमाथी खतरा महसुस भइरहेको छ, खदीजा रजियल्लाहु अन्हाले उहाँलाई प्रोत्साह र आश्वासन दिइन् अनि भनिन् कदापी यस्तो हुदैन, अल्लाहको कसम, अल्लाहले कहिल्यै पनि तपाईलाई हानि पुर्याउदैनन् र अपमानित पनि गर्दैनन् तपाईले नातेदारहरु को ख्याल राख्नुहुन्छ असहाय र असमर्थ मान्छेहरुको मद्दत गर्नुहुन्छ गरिबहरुलाई दान दिनुहुन्छ अतिथिहरुलाई इज्जत र सम्मान गर्नुहुन्छ र आपत्तिमा परेका मान्छेहरुको सहयोग गर्नुहुन्छ ।

केहि अवधी पछि रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले फेरि हेरा गुफामा गएर इबादत र उपासना जारी राख्नु भयो एक दिन इबादत समाप्त गरेपछि गुफाबाट निस्केर मक्का तिर लाग्नु भयो जब बिच घाटी (वादी)मा पुग्नु भयो कि जिब्रईल अलैहिस्सलाम फेरि प्रकट हुनु भयो उनि आकाश र धर्तीको बीच कुर्सीमा बस्नु भएका थिए र रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमलाई वह्य अर्थात पैगाम दिनु भयो

يَاأَيُّهَا الْمُدَّثِّرُ* قُمْ فَأَنْذِرْ* وَرَبَّكَ فَكَبِّرْ* وَثِيَابَكَ فَطَهِّرْ* وَالرُّجْزَ فَاهْجُرْ

हे मुहम्मद लुगा बेर्नेवाला उठ र सावधान गर, र आफ्नो पालनकर्ताको महानता बयान गर र आफ्नो कपडाहरुलाई पवित्र राख, र फोहरीपना लाई छाडी हाल,

फेरि त्यस पछि अल्लाहको पैगाम (वह्य) लगातार आउन थाल्यो,

अल्लाह तआलाले रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमलाई आज्ञा दिनु भयो कि मानिसहरुलाई एउटै अल्लाहको उपासना र इस्लाम धर्म तर्फ बुलाउनु र मार्गदर्शन गर्नु, जुन धर्मलाई अल्लाहले मानिसहरुको लागी रोज्नु भएको छ, तब रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले इस्लाम धर्मको प्रचार प्रसार गर्न थाले र

बुद्धिमता र राम्रो उपदेश र सन्देशको साथमा मानिसहरुलाई अल्लाहको तर्फ बुलाउन थाले,

सर्व प्रथम उहाँकी श्रीमती खदीजा रजिअल्लाहु अन्हाले इस्लाम स्वीकार गरिन् त्यसपछि पुरुषहरु मध्ये सब भन्दा पहिले उहाँको प्रिय साथी अबु बकर सिद्दीकले बिना कुनै संदेह मुस्लिम हुनु भयो फेरि बच्चाहरु मध्ये उहाँको काकाको छोरा अली बिन अबी तालिबले इस्लाम स्वीकारनु भयो त्यसपछि मान्छेहरु इस्लाम धर्ममा प्रवेश गर्न थाले र मुशरिक काफिर र नास्तिकहरुले मुस्लिमहरुलाई सजाए दिन थाले रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले १३ बर्ष सम्म लगातर मक्कामा मानिसहरुलाई इस्लाम तर्फ बुलाउनु भयो र काफिरहरु को सजाए अन्याय र अत्यचार उहाँ र उहाँको साथीहरु माथी बढ्दै गयो फेरि उहाँ र उहाँ को साथीहरुले मक्कालाई छाडेर मदीनातर्फ प्रवास गरे र त्यहाँ पनि दावतको काम तगातार जारी राख्नु भयो र धेरै मान्छेहरु इस्लाममा प्रवेश गर्न थाले फेरि आठ बर्ष पछि मक्का फर्किनु भयो र अल्लाहले तपाईलाई विजय प्रदान गर्नु भयो र मक्काका सबै मान्छेहरुले इस्लाम स्वीकार गरि हाले,

फेरि ६३ बर्षको उमेरमा उहाँले यस संसारलाई छाडेर जानु भयो ४० बर्ष नबुवत भन्दा पहिले र २३ बर्ष नबुवत पछिको जीवन बिताउनु भयो

उहाँ बाट नै अल्लाहले अकाशीय सन्देश (वाणी) लाई समाप्त गरिदिनु भयो र सम्पूर्ण मानवजाति माथी उहाँको अनुशरण लाई अनिवार्य गरिदिनु भयो जसले उहाँको आज्ञापालन गर्यो त्यसले यस जीवनमा सफलता र खुशी प्राप्त गऱ्यो र प्रलोकको जीवनमा सवर्गको भागीदार भयो र जसले उहाँको आज्ञाको उल्लघंन गर्यो र अनुशरण गरेन त्यो यस संसारिक जीवनमा अभाग्य र अपमानित भयो र प्रलोकको जीवनमा नरक को भागीदार भयो ।

रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको देहान्त पछि उहाँका साथीहरुले यस बाटोमा हिडे र उहाँको उपदेश र सन्देशलाई चारै तिर पुर्याए र पुरै विश्वमा इस्लाम को प्रचार प्रसार गरे

## नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको महान चरित्र

रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लम मानिसहरु मध्ये सबै भन्दा महान नैतिक र उच्च आचरण वाला थिए सच्चाई र निष्ठा जस्तो बानी बाट उहाँ नबुवत भन्दा पहिले नै प्रस्द्धि हुनु भएका थिए र नबुवत पछि त्यसमा धेरै वृद्धि भयो अल्लाह तआलाले उहाँलाई सम्बोधन गर्दै भनेका छन् अर्थात, “निःसन्देह तपाई उच्च आचरणवाला हुनु हुन्छ” उहाँले मानिसहरुसंग राम्रो नैतिकको आग्रह गर्नु हुन्थ्यो र महान चरित्र र राम्रो बानी तिर डाँक्नु हुन्थ्यो ।

रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले आफ्नो साथीहरु अगाडी उच्च आचरणको उदाहरण प्रस्तुत गर्नु हुन्थ्यो र नसिहत र आज्ञा दिनु भन्दा पहिले नै उनीहरुको हृदय भित्र महान चरित्र र राम्रो नैतिकता राख्नु हुन्थ्यो ।

अनस रजियल्लाहु अन्हुले भन्नु हुन्छन कि मैले रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको दस बर्ष सम्म सेवा गरे, अल्लाह को कसम, उहाँले कहिल्यै पनि मलाई उफ भनेर हप्काउनु भएन, नत कुनै कुरामा यस्तो भन्नु भयो कि तिमीले यस्तो किन गरिस, वा तिमीले यस्तो किन न गरिस ?

र अर्को ठाउँमा भन्नु हुन्छ कि म रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको साथमा हिड्दै थिए र उहाँमाथी एउटा मोटो बाक्लो जस्तै च्यादर थियो कि एउटा गाउँको दिहाती मान्छे आयो र च्यादर लाई खुब बल लगाएर तान्यो यहाँ सम्म कि त्यस कारण मैले रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको घाँटीमा त्यस

च्यादरको प्रभाव (मार्क) लाई हेरे, फेरि त्यसले भन्यो हे मुहम्मद अल्लाहको धन र सम्पति जुन तिमी संग छ त्यस मध्ये मलाई पनि दिनुस रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले त्यस तिर ध्यान दिनु भयो र हाँसेर जवाफ दिनु भयो अनि सम्पति बाट दिनको लागी आज्ञा दिनु भयो ।

जब रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको श्रीमती अइशा रजियल्लाहु अन्हासंग सोधिएको थियो कि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम घरमा के काम गर्नु हुन्थ्यो उहाँले भनिन् कि उहाँले आफ्नो परिवारको सेवामा लागी रहनु हुन्थ्यो फेरि जब नमाजको समय हुन्थ्यो वुजू गर्नु हुन्थ्यो र मस्जिद तिर हिड्नु हुन्थ्यो ।

अब्दुल्लाह बिन हारिस रजियल्लाहु अन्हुले भन्नु भएको छ कि मैले रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लम भन्दा बढी कसै लाई हाँस्ने वाला देखेको छैन् ।

जाबिर रजियल्लाहु अन्हुले भन्नु भएको छ कि रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमसंग कुनै कुराको माग गरियो भने उहाँले कहिल्यै पनि यो भन्नु भएन कि म संग छैन ।

रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको आचरण र चरित्र मध्ये यो पनि प्रस्द्धि छ कि उहाँ दानवीर र दयावान हुनुहुन्थ्यो कुनै कुरामा कन्जुसी गर्दैनन्थे बहादुर र बलशाली थिए हक अधिकार र वास्तविक्ता बाट कहिल्यै पनि फिर्ता आउनु भएनन् न्यायी हुनुहुन्थे कुनै फैसलामा कहिल्यै पनि अन्याय र अपराध गर्दैनन्थे सदैव आफ्नो जीवन भरि सच्चा र निष्ठाको उपाधी ले प्रस्द्धि हुनु भएका थिए ।

आफ्नो साथीहरु संग हाँसो र मजाक गर्ने गर्थे र उनिहरु संग मिलेर बस्थे उनिहरुको बच्चाहरु संग खेल र मजाक गर्थे उनिहरु लाई आफ्नो काखीमा बसाउन्थे र निमन्त्रणलाई स्वीकार गर्थे बिरामीहरुको हेर विचार गर्थे र क्षमा मांगनेहरुको क्षमालाई स्वीकार गर्थे ।

अफ्नो साथीहरुलाई राम्रो उपाधीले सम्बोधन गर्थे कसैको कुरालाई काट दैनन्थे ।
अबू कतादा रजियल्लाहु अन्हुले भन्नु भएको छ कि जब नज्जाशी राजाको एउटा दल (समुह) आएको थियो तब रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले उनीहरुको सेवा गर्न थाले उहाँका साथीहरुले भने कि हामी सेवा गर्नको लागी प्रयाप्त छौं तब रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो कि यिनीहरुले हाम्रा साथीहरुको सेवा र सम्मान गरेका थिए त्यसैले म यो चाहन्छु कि त्यस उपकारको बदला पुरा गरिदेउँ ।
नबी सल्लल्लाहु अलैहि वसल्लमले यो भन्नु हुन्थ्यो कि म पनि अल्लाहको एउटा भक्त र सेवक नै छु म पनि त्यसतै नै खान्छु जस्तै एउटा मान्छेले खान्छ, र त्यसतै नै सबै काम किर्या गर्छु जस्तै एउटा मान्छेले सबै काम किर्या गर्छ र गधा माथी सवारी गर्नु हुन्थयो, र गरिबहरुको हेरविचार गर्नुहुन्थ्यो र असहाए र असमर्थ मान्छेहरु संग बस्नुहुन्थ्यो र उनिहरु को मद्दत गर्नुहुन्थ्यो ।
नोबल पुरस्कार प्राप्त गरेको अग्रेजी फेलोसफी **थोमस कारलेल**ले आफ्नो किताब (अबताल) मा लेखेको छ कि आजको यस समयमा सबै भन्दा महान लज्जा र अपमानको कार्य यो हो कि कुनै मान्छे ले यस कुरामा विशवास राखोस कि इस्लाम एउटा झुठो र असत्य धर्म हो र मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम झुठो र धोखाबाज हुनुहुन्छ ।
ब्रिटेन फेलोसफी **बरनार्डशो** ले आफ्नो एउटा किताब (मुहम्मद)( जसलाई ब्रिटिश सरकारले जलाई दिएको छ) त्यसमा भन्नु भएको छ कि यस ब्रम्हाण्ड लाई एउटा यस्तो व्यक्तिको आवश्यक्ता छ जुन मुहम्मद जस्तो विचारको हुनु पर्छ त्यस नबीले आफ्नो धर्म लाई सदा सदाका लागी इज्जत, प्रतिष्ठा र सर्वश्रेठता प्रदान गरिदिएका छन र यो इस्लाम पनि यस्तो धर्म हो जसले सबै संसकृति समाप्त गरेर सँधै विजय रहने क्षमता

राख्दछ मैले हेरिरहेको छु कि मेरो समाजका अधिक मान्छेहरु सत्य प्रमाणको आधारमा यस धर्ममा प्रवेश गरिरहेका छन र चाडै नै यस धर्मले महादेश युरोपमा महान स्थान प्राप्त गर्ने छ ।

र अरु अगाडी भन्नुहुन्छ कि बीचको शताब्दीमा युरोपको धार्मिक मान्छेहरुले अनभिज्ञता, मुर्खता र हठी स्वभाव, र कट्टरताको कारण मुहम्मदको धर्मको बेचित्र र विपरित नक्शा प्रस्तुत गरेका छन र यसको शिक्षामा परिवर्तन गरेका छन् र उनीहरुले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई क्रिशचनहरु को शत्रु घोषित गरेका छन् तर मैले यस मन्छेको बारेमा अध्यन र खोज गर्दा यो पाएको छु कि उनी एउटा चमत्कारी आश्चर्यजनक पुरुष हुनु हुन्छन, र मैले यो पनि थाहा गरेको छु कि उनि क्रिशचन धर्मको शत्रु होइनन् बरु उहाँलाई त मानवताको रक्षक भन्नु पर्छ र मेरो विचारमा यदि आज यस संसारको सबै शासन उहाँको हातमा भयो भने उ शान्ति सुरक्षा र हरितक्रान्ति को स्थापनामा सक्षम हुन सक्थ्यो, यस्तो शान्ति शुरक्षा जसको कामना र कल्पना सबै मानव जातिहरुले गरिरहेका छन् ।

## रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको चमत्कारहरु

रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको सबै भन्दा ठुलो चमत्कार पवित्र ग्रनथ कुरआन हो जसले महान ज्ञानी र प्रखरहरुलाई हराएर भयभित गरिदिएको छ र सबै मानवजाति लाई यो चुनौति दिएको छ कि यस कुरआन जस्तो एक सुरह ल्याउन् कुरआनको चमत्कार लाई नास्तिक र काफिरहरुले पनि मानेका छन् र यसको चुनौति प्रलयको दिन सम्म कायम रहने छ कसैले यस जस्तो एउटा आयत पनि प्रस्तुत गर्न सक्दैन् यो चाँहि इस्लाम धर्मको सत्यताको एउटा ठुलो प्रमाण हो ।

त्यसैगरि मक्काका काफिरहरुले जब चन्द्रमालाई दुई टुका गर्ने माग गरे र भनेकि यदि तपाई सच्चा हुनुहुन्छ भने चन्द्रमालाई च्यातेर देखाउनुस् तब रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले आफ्नो पालनकर्ता संग प्राथना गरे र चन्द्रमा दुई भागमा विभाजित भई हाल्यो त्यस पछि फेरि आफ्नो ठाउँमा आइहाल्यो । त्यसतै पटक पटक उहाँको औंलाहरु बाट पानी निस्केको थियो र सानो ढुँगा (कंकड) ले उहाँको हत्केलामा अल्लाहको पवित्रता बयान गरेको छ,

त्यसै गरि विष मिसाइएको बाखाको पाखुराले उहाँसंग कुरा गर्यो जसलाई एउटी यहूदी महीलाले हत्याको उद्देश्यले उहाँलाई खानाको लागी दिएकी थिइ ।

र एउटा दिहातीले उहाँसंग सत्यताको प्रमाण माग्यो त रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले एउटा रुखलाई आदेश दिनु भयो त्यो रुख उहाँको नजिक आई हाल्यो र फेरि त्यस लाई आदेश दिनु भयो भने त्यो फर्केर आफ्नो ठाउँमा गइहाल्यो ।

र एउटा दुध न भएको बाखाको थन् (फाँचो) मा हात लगाउनु भयो त त्यसमा दुध आउन थाल्यो त्यसलाई दुहेर आफु पनि पिउनु भयो र आफ्ना प्रिय साथी अबुबक्रलाई पनि दिनु भयो ।

अली रजियल्लाहु अन्हुको आँखा दुखी रहेको थियो त्यसमा रसूल सल्लल्लाहु अलैहि वसल्लमले फुँकनु भयो त्यो तुरन्तै ठीक भइहाल्यो उहाँको एउटा साथीको खुट्टा घाइते भएको थियो भने उहाँले त्यसमाथी हात फेर्नु भयो त्यतिबेलानै त्यो निको भइहाल्यो ।

हजरत अनस बिन मालिक रजियल्लाहु अन्हुको लागी लामो उमेर, अधिक धन सम्पति र धेरै सन्तान र बरकत अर्थात उन्नति र प्रगतिको लागी अल्लाहसंग खास प्राथना गर्नु भएको थिए भने उहाँले १२० वटा छोरा छोरी पाउनु भयो र उहाँको खजूरको बगैचामा बर्षमा दुई पटक फल आउन्थ्यो जबकि प्रसिद्ध कुरो यो हो कि खजूर बर्षमा एक पटक मात्र फल दिन्छ त्यसै

गरि हजरत अनस रजियल्लाहु अन्हुले १२० बर्षको लामो उमेर पनि पाउनु भयो ।
एक चोटी उहाँको एउटा साथीले अनिकाल, खडेरी र भोकमरीको उजुरी र गुनासो गर्नु भयो जबकि रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लम शुक्रबारको दिन मञ्चमा उपदेश दिदै हुनुहुन्थ्यो, तब उहाँले आफ्नो दुबै हात उठाएर अल्लाह सित प्राथना गर्नु भयो, त्यतिखेर आकाशमा अलिकति पनि बादल थिएन् तर दुआ गर्ने बित्तिकै आकाशमा पहाड जसतो बादल जम्मा हुन थाल्यो र आउने शुक्रबार सम्म प्रचुर र घनघोर बर्षा भयो, त्यस पछि धेरै बर्षाको गुनासो र शिकायत भयो तब रसूल सल्लल्लाहु अलैहि वसल्लम फेरि अल्लाह संग प्राथना गर्नु भयो र बर्षा रुकि हाल्यो र मान्छेहरु घाममा हिड्न थाले ।
एक साअ अर्थात २ किलो ५०० ग्राम जौ र एउटा बाख्राको मासुमा खन्दक (खाल्टो) खनि रहेका हजारौ सैनिक लाई खुवाउनु भयो यति थोरै खानामा सबै जनाले पेट भरि खाना खानु भयो र त्यस खानामा अलिकति पनि कमी भएन ।
मक्काका सय भन्दा बढी काफीर युवकहरुले उहाँको हत्या गर्नको लागी आए र उहाँको घरको घेराव गरे तर रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले उनीहरुको मुख माथी माटो फालेर जानु भयो र तिनीहरुले उहाँलाई देख्न पनि सकेनन् ।
मदीना तिर प्रवास गर्दा जब बाटोमा सुराका बिन मालिकले उहाँलाई पछ्याउँदै धेरै नजिक पुगी सक्यो त उहाँले त्यसलाई शराप दिनु भयो जसकारण त्यसको घोडाको खुट्टा धर्ती भित्र खसिहाल्यो ।
त्यसै गरि रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमका धेरै चमत्कारहरु छन र यी सबै अल्लाहको तर्फ बाट हुन अल्लाहले उहाँको नबुवत र पैगम्बरीको सत्यताको प्रमाणको लागी यी सबै चमत्कारहरु प्रदान गर्नु भएको थियो ।

# इस्लाम धर्मको जग

(१) **अल्लाह माथी विशवास,** ईमानको सबै भन्दा मूल आधार यही हो, अल्लाह प्रति ईमानको अर्थ यो हुन्छ कि सत्य हृदय बाट अल्लाहको अस्त्तित्वलाई मान्नु र यो विशवास राख्नु की अल्लाहले नै हरेक वस्तुहरु को सृष्टि र सृजना गरेका छन् र उही नै हरेक जीव जन्तुको पालनकर्ता र स्वामी हुन र सबै संसारलाई योजनाबद्ध रुपले चलाइरहेका छन त्यसै कारणले अल्लाह नै सत्य पूज्य र वास्तविक उपास्य हुन उहाँ बाहेक अरु कोही पनि सत्य उपास्य छैन उहाँको सबै गुण र विशेषताहरु महान छन र उनी हरेक दोष र अभाव बाट पवित्र र सफा छन कुनै सृष्टिको समान छैनन् कुनै पनि मान्छेले यदि यस ब्रम्हाण्डमा सोच विचार गर्छ भने त्यसको लागी यो स्पष्ट भईहाल्छ कि यस संसारमा रहेका सबै वस्तुहरु आफै उत्पन्न भएका छैनन् यिनीहरु को सृष्टि आफै हुन सक्दैन कुनै सानो भन्दा सानो वस्तु पनि आफै बन्न सक्दैन भने यो सबै ब्रम्हाण्ड आफै कसरि बनी हाल्छ निःसन्देह एउटै अल्लाहले नै यी सबै संसारको रचना गर्नु भएको छ ।

(२) **मलाइका (देवदुतहरु) माथी विशवासः**

देवदुतहरु एउटा अदृश्य प्राणी हुन अल्लाहले उनिहरुलाई मात्र आफ्नो उपासना र आज्ञा पालनको लागी सृष्टि गर्नु भएको छ तिनीहरु अल्लहको आज्ञाको उल्लंघन कहिल्यै पनि गर्दैनन् र त्यसै गरि अल्लाहको गुण र विशेषताहरुमा तिनीहरुको सहभागीता पनि हुदैन अल्लाहले आफ्नो आज्ञापालनको लागी उनीहरु लाई पूर्ण रुपले व्यवस्थित गर्नु भएको छ र त्यस लाई लागु र कार्यान्वयन गर्नको लागी क्षमता प्रदान गर्नु भएको छ मुस्लिमहरु तिनीहरु प्रति ईमान राख्दछन ।

तिनीहरु लाई अल्लाहले प्रकाश बाट सृष्टि गर्नु भएको छ र तिनीहरुको संख्या धेरै छ त्यसको गणना मात्र अल्लाह लाई थाहा छ त्यसै गरि हामीमाथी यो अनिवार्य हुन्छ कि जुन फरिश्ताहरुको नाम हामीहरुलाई थाहा छ जस्तै कि जिब्रईल, मीकाईल, र मालिक अलैहिमुस्सलाम, र जुन देवदुतहरुको नाम थाहा छैन ति सबै माथी विशवास राख्नु पर्दछ र त्यसैगरि अल्लाहले जुन काम र गुण र विशेषताहरु तिनीहरुको लागी बताउनु भएको छ ति सबै माथी आस्था र ईमान राख्नु पर्छ।

**(३) आकाशीय किताब (ग्रन्थहरु) माथी विशवास**: मुस्लिम मानिसहरुलाई यो पनि विशवास राख्नु पर्दछ कि अल्लाह तआलाले इस्लाम र सत्य मार्गको वास्तविक्तालाई प्रष्ट पार्न र त्यसको प्रचार प्रसारको लागी पैगम्बर र सन्देष्टाहरु माथी ग्रन्थहरु अवतरित गर्नु भएको छ जस्तै कि तौरात हजरत मुसा अलैहिस्सलाम र इन्जील (बाइबल) हजरत ईसा अलैहिस्सलाम र जबूर हजरत दाऊद अलैहिस्सलाम माथी अवतरण गर्नु भएको छ त्यसै गरि एउटा सदाचारी मान्छेले यो पनि विशवास राख्दछ कि कुरआन लाई अल्लाहले हाम्रो अन्तिम सन्देष्टा हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम माथी अवतरित गर्नु भएको छ।

**कुरआनः** अल्लाहले कुरआनलाई अन्तिम ग्रन्थ र सन्देशको रुपमा मानवहरु लाई प्रदान गर्नु भएको छ त्यसैले यस बाहेक अरु कुनै पनि धर्म र कर्म लाई अल्लाहले कहिल्यै पनि स्वीकार गर्दैनन् र यो कुरआन पहिलाका सबै किताबहरुको सत्यतालाई प्रमाणित गर्छ र ती सबै को संरक्षक पनि हो र यो किताब ती सबैमा महान र सर्वश्रेष्ठ छ किन कि यसको सुरक्षाको जिम्मेवारी स्वयं अल्लाहले लिनु भएको छ यसमा केहि हेरफेर र परिवर्तन हुन सक्दैन, र यस बाहेक अरु सबै पुस्तकहरुमा हेरफेर र परिवर्तन भई सकेको छ किन भने कि अल्लाहले कुरआन जस्तै ती

किताबकहरुको सुरक्षाको जिम्मेवारी लिनु भएको छैन र केही परिवर्तन भएको धर्म कहिल्यै पनि सत्य हुदैन ।

कुरआन मजीद साहित्यिक शैलीमा विभवयुक्त रुपले सौन्दर्य र परिपूर्ण छ र कानुनको क्षेत्रमा पनि हरेक रुपले सर्वश्रेष्ठ र सर्वोत्तम छ, यसले गैब (अदृश्य) को बारेमा यस्ता खबर दिन्छ जसको बारेमा कुनै मान्छेलाई केहीपनि थाहा हुदैन र मानवीय बुद्धिशक्तिले त्यसको कल्पना पनि गर्न सक्दैन ।

कुरआन मजीदले यस्ता यस्ता विनियम र घटना तर्फ संकेत गरेको छ जसलाई नबी सल्लल्लाहु अलैहि वसल्लमको युगमा कसैले थाहा गर्न सक्यो नत यस १४ सताब्दीमा कसैलाई थाहा भएको छ र यसमा थुप्रै संकेत र भविष्यवाणीहरु छन जुन मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको युग पछि प्रकट भएका छन र धेरै जस्ता विनियम र कानुनहरु छन जुन अहिले सम्म प्रकट भएका छैनन् बरु त्यसमा यस संसारको शुरु देखि अन्तिम सम्मको सबै खबरहरु पाइन्छ ।

कुरआन यस्तो पवित्र पुस्तक हो जस मध्ये अल्लाहले सम्पूर्ण मानव र दानवलाई चुनौती दिनु भएको छ कि यस कुरआनको सुरत जस्ता दस वटा सुरत प्रस्तुत गरुन यदि यस्तो गर्न सक्दैनन् भने एउटा सुरत वा एउटा आयत मात्र लिएर आउन् तर कसैले पनि यस चुनौतीलाई स्वीकार गर्न सकेन् र यो चुनौती चाही अहिले सम्म यथावत कायम छ र प्रलयको दिन सम्म कायम रहने छ र यस चुनौतीलाई स्वीकार गरि यसको उत्तर कसैले पनि दिन सक्दैन ।

कुरआन मजीदका चमत्कारहरु स्पष्ट रुपले स्थिर छन र प्राकितिक रुपले त्यसको चमत्कारहरु उसको अक्षरमा मात्र छैनन् र मात्र अदृश्यका कुराहरु बताउनमा छैन र त्यसै गरि मात्र कानुनसाजीमा त्यसको चमत्कार छैन यो कुरआन त साराका सारा नै चमत्कार रहेछ ।

**सन्देष्टाहरु माथि विशवासः** एउटा मुस्लिम मान्छेलाई यस माथि पनि ईमान राख्नु पर्दछ कि सम्पूर्ण मानव जातिको मार्गदर्शनको लागी अल्लाहले धेरै सन्देष्टाहरु पठाउनु भएको छ ताकि सम्पूर्ण मनुष्यहरु एउटै अल्लाहको उपासना र अराधना गरुन् र त्यस बाहेक अरु सबै विपरित र कानुनको उल्लघंन गर्ने वाला कुराहरु लाई तयागुन् ।

सबै सन्देष्टाहरु मानव थिए उनीहरुलाई अल्लाहले सृष्टि गर्नु भएको छ र साथै यो पनि विश्वास राख्नु पर्दछ कि पालनकर्ता र सृष्टिकर्ताको साथमा उनीहरुलाई केहि हक अधिकार छैन, उनीहरुलाई पनि खाना पानीको आवश्यक्ता पर्छ र उनीहरु बिरामी हुन्छन र मृत्यु पनि आउँछ ।

तर रसूल र पैगम्बरहरु मानवजातिमा सबै भन्दा उत्तम र महान हुन्छन् उनीहरुलाई अल्लाहले छनौट गरेका छन र आफ्नो सन्देश र उपदेशको प्रचार प्रसारको लागी उनीहरुलाई चुन्नु भएका छन् उनीहरुमाथि हामीहरुलाई आस्था र विश्वास राख्नु पर्छ कि उनीहरु सच्चा र अल्लाहको तर्फ बाट पठाइएका थिए ।

त्यसै गरि जुन पैगम्बरको नाम हामीलाई थाहा छ जस्तै इब्राहीम, इस्माईल, मुसा, र ईसा, अलैहिमुस्सलाम र अरुको नाम हामीहरुलाई थाहा छैन, तर पूर्णरुपले सबै जना माथी आस्था राख्नु पर्छ र जुन कुराहरु सत्यताको साथ उनीहरु संग प्रमाणीत भएका छन ति सबै माथी विशवास राख्नु पर्छ र हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले ल्याएको शरीअत र कानुन अनुसार हामीलाई कर्म गर्नु पर्छ किनभने कि अल्लाहले यस बाहेक अरु कुनै धर्मलाई कहिल्यै पनि स्वीकार गर्दैन ।

**प्रलयको दिन माथी विशवासः** यो प्रतिफलको दिन हो जुन दिनमा अल्लाहले सबै मनुष्यहरुलाई हिसाब किताब र बदला दिनको लागी जम्मा गर्ने छन् त्यसलाई प्रलोकको दिन वा अन्तिम दिन भनिन्छ किन कि त्यस पछि कुनै दिन हुदैन स्वर्गीयहरु आफ्नो ठाउँ स्वर्गमा

बसोबास गरिहाल्छन र नरकीयहरु नरकमा पुगी हाल्छन र सदा सदाका लागी त्यसैमा रहने छन ।

प्रलोकको दिन माथी विशवासको अर्थ यो हो कि पूर्णरुपले यस कुराको अनुमोदन गर्नु कि त्यो आउने छ अनि त्यसको लागी राम्रो कर्म गर्नु ।

प्रतिफलको दिनमा ईमान राख्दा तीन कुरामा ध्यान दिनु पर्छ ।

(क) दोश्रो पटक जिवित हुने माथी विशवास राख्नु अर्थात यस कुरामा आस्था राख्नु कि अल्लाहले सबै मानिसहरुलाई मृत्यु पछि फेरि जिवित पार्ने छन् र एकै ठाउँमा सबै जना लाई जम्मा गर्ने छन् तब मान्छेहरु आफ्नो चिहान(कब्र) बाट नांगो खाली खुट्टा बिना खतनाको हालतमा जम्मा हुने छन ।

(ख) हिसाब किताब र प्रतिफलको दिनमा विशवास राख्नु, अर्थात अल्लाहले प्रत्यक मान्छे संग यस संसारमा गरेको कर्महरुको बारेमा हिसाब लिने छन अनि त्यसै अनुसार त्यस लाई बदला पनि दिने छन जसले ईमान लायो र अनुशरण गर्यो र यस संसारमा राम्रो कर्म गर्यो त्यो स्वर्गको भागीदार हुन्छ र जसले अवज्ञा गर्यो र कृतिध्नता र इन्कार गर्यो त्यो नरक को भागीदार हुन्छ, हिसाब किताब तत्वदर्शिताको आधारमा छ किन कि अल्लाहले सन्देष्टाहरुलाई पठाउनु भयो र ग्रन्थहरु अवतरित गर्नु भयो राम्रो र नराम्रो कर्मको बाटो लाई छुट्टयाउनु भयो र आफ्नो अनुशरण र उपासना तिनीहरु माथी अनिवार्य गर्नु भयो, र उनिहरुलाई बुद्धि पनि प्रदान गर्नु भयो फेरि मान्छेहरु मध्ये कोही मोमिन र सदाचारी भयो र कोही बेईमान र काफिर भयो, तब अल्लाहको न्याय र तत्वदर्शिताले यो कुरा सुहाउदो छैन कि तिनीहरु एक समान भइहालुन् न्याय र अन्यायको बीचमा केहि फरक न होस यस्तो कदापी हुन सक्दैन ।

अल्लाहले कुरआनमा भन्नु भएको छ, अर्थात, “के हामीले मुस्लिम सदाचारीहरुलाई अपराधीहरु सघैं गरिदिने छौ,

तिमीहरुलाई के भई सकेको छ कि यस्तो निर्णय गर्दैछौ ? (सुरह अलकलम आयत ३५,३६)

(ग) स्वर्ग र नरक प्रति ईमान राख्नु: अर्थात यो आस्था राख्नु कि अल्लाहले स्वर्ग र नरकलाई सदैवका लागी बनाउनु भएको छ र स्वर्ग गौरव आनन्द र सन्तुष्टिको ठाउँ हो यस लाई अल्लाहले डर मान्नेवाला मोमिन सदाचारीहरुको लागी तयार पार्नु भएको छ जुन मान्छेहरुले अल्लाहले अनिवार्य गरेको कुराहरु माथी आस्था र विशवास राखे निष्ठापुर्वक भएर अल्लाह र त्यसको अन्तिम सन्देष्टा श्री मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको आज्ञापालन गरे मानिसहरु स्वर्गमा आफ्नो राम्रो कर्म अनुसार तल माथी पनि हुने छन ।

र नरक यो यातना कष्ट र सजायको ठाउँ हो जसलाई अल्लाहले काफिर नास्तिक र अत्याचारीहरुको लागी बनाउनु भएको छ जुन मान्छेहरुले अल्लाह र त्यसको रसूल सल्लल्लाहु अलैहि वसल्लमलाई नकार्दै छन र त्यसको आज्ञाको उल्लघंन र अवहेलना गर्दछन् नरकमा पनि मानिसहरु आफ्नो नराम्रो कर्म अनुसार भिन्न भिन्न ठूलो र सानो यातनाको वर्गमा हुनेछन

**किस्मत र भाग्यमाथी ईमान**: भन्नाले यो ईमान राख्नु कि अल्लाहलाई भुतकाल वर्तमानकाल र भविष्यकालका सबै कुराहरु थाहा छ हरेक कुरा अल्लाहको इच्छा अनुसार हुन्छ यदि त्यो चाहन्छ भने हुन्छ अनि जुनकुरा चाहदैन भने त्यो हुदैन यस संसारमा कुनै पनि घटना अल्लाहको ज्ञान र चाहना बिना घट्दैन ।

## इस्लाम धर्ममा इबादत र उपासना

अल्लाहले त्यही उपासनालाई स्वीकार गर्छन् जुन उपासना मात्र उनीकैलागी गरिन्छ र त्यो सबै सत्कर्म रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको अनुमोदन र उहाँले बताएको विधि र शैली

अनुसार हुन्छ, जसतै सलात, (नमाज) यो यस्तो उपासना हो जो मात्र अल्लाहको लागी गरिन्छ र यो तब नै स्वीकार्य हुनेछ जब रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले बताए अनुसार सबै कार्यहरु गरिन्छ यसको केहि कारणहरु छन्

(१) अल्लाहले भवदीय र निष्ठापुर्वक रुपले मात्र आफ्नो उपासनाको आदेश दिनु भएको छ त्यसको साथमा अरु कसैको पूजा यदी कसैले गर्छ भने यो शिर्क भइहाल्छ जो सबै भन्दा महान पाप हो, अल्लाह तआलाले भन्नु भएको छ, अर्थात, “तिमीहरु एउटै अल्लाहको उपासना गर त्यसको साथमा अरु कसैलाई सहभागी र साझेदार न बनाउ” (अन्निसा. ३६)

(२) सबै संसारको सृष्टिकर्ता र पालनकर्ता अल्लाहले कानुन र नियम अनुसार आफु लाई इबादतको लागी खास गर्नु भएको छ यदि कुनै मान्छेले अल्लाहले निर्धारित गरेको कानुन बाहेक अर्कै विधी र शैली अनुसार उपासना र पूजापाठ गर्छ भने त्यसको अर्थ यो हुन्छ कि त्यसले अल्लाहको कानुन र नियममा अर्कोलाई सहभागी बनाइरहेको छ ।

(३) अल्लाहले हामीहरुको लागि शरियत र धर्मलाई पूर्ण गरिदिनु भएको छ अब यदि कुनै मान्छेले आफ्नो तर्फ बाट यस धर्ममा कुनै इबादत वा क्रियाकलाप गर्छ भने त्यो स्वीकार्य हुदैन र त्यो व्यक्ति धर्ममा अभाव र कमी बुझ्नुको आरोपी भइहाल्छ ।

(४) यदि मानिसहरुलाई आफ्नो इच्छा अनुसार उपासना अराधना र भक्ति गर्न जायज हुन्थ्यो भने इबादतमा प्रत्येक व्यक्तिको आफ्नो खास बाटो र खास मार्ग भइहाल्थ्यो किनभने कि मान्छेहरुको चाहना र इच्छा कहिल्यै पनि एक हुदैन् ।

## इस्लामका स्तम्भहरु

अल्लाह तआलाले रोजेको धर्म इस्लामका पाँच वटा आधारहरु छन्

(१) एकेश्वरवाद र ईश्दूतको गवाही दिनु (२) सलात (नमाज) पढ्नु (३) जकात (दान) दिनु (४) रमजान महीनाको ब्रत बस्नु (५) अल्लाहको पवित्र घर काबाको हज्ज गर्नु

## इस्लामका स्तम्भहरुको व्याख्या

एकेश्वरवाद र ईश्दूतको गवाही दिनु, अर्थात यस कुराको साक्षी बक्नु कि अल्लाह बाहेक अरु कोहि पनि सत्य पूज्य छैन र मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम अल्लाहको अन्तिम रसूल हुन, र पूर्णरुपले हृदय बाट यो आस्था र विशवास राख्नु र यो शपथ पनि लिनु र प्रकट पनि गर्नु कि अल्लाह नै सत्य पूज्य र सत्य उपास्य छन् उहाँ बाहेक अरु कोही पनि सत्य पुज्य छैन र उहाँको साझेदार र भागिदार पनि कोही छैन, र मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम, अल्लाहको अन्तिम सन्देष्टा र अन्तिम रसूल हुन ।

कुनै पनि व्यक्तिको सत्कर्म र क्रियाकलाप तब नै स्वीकार हुन्छ जब त्यसले निष्ठापुर्वक मात्र अल्लाहको लागी सबै क्रियाकलाप गर्छ अनि त्यो कर्म रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले बताएको तरीका, विधि र शैली अनुसार हुन्छ ।

“लाइलाह इल्लल्लाह” को अर्थ र विवरण यो होकि मान्छेलाई यो आस्था राख्दै सपथ लिनु पर्छ कि वास्तविक पूज्य मात्र एउटै अल्लाह नै छन् मात्र जिभ्रो बाट भन्नाले यसको अर्थ पुरा हुदैन यसको लागि अल्लाहले बताएको सबै प्रावधान र आज्ञा अनुसार कर्म गर्नु पर्छ र उसको आदेश अनुसार आफ्नो जीवन व्यतीत गर्नु पर्छ ।

र “मुहम्मदुर्रसूलुल्लाह” को अर्थ यो हुन्छ कि रसूल सल्लल्लाहु अलैहि वसल्लमको अनुशरण र आज्ञापालन गर्नु र उहाँले बताएका सबै कुराहरु माथि विशवास राख्नु र जुन कुराहरु बाट

रोक्नु भएको छ ती सबै कुरालाई त्यागनु अनि अल्लाहको पूजा र उपासना उहाँले बताएको विधि र शैली अनुसार गर्नु ।

दोश्रोः नमाज पढनु यो एकेशवरवाद र ईश्दूतको गवाही दिए पछि इस्लामको सबै भन्दा महत्तपुर्ण र महान आधार हो यो दिन र रात्रीमा सबै मुसलमानहरुमाथी पाँच चोटी पढनु अनिवार्य गरिएको छ ती पाँचवटा सलात यी हुन, फजर, जुहर, अस्र, मगरिब, इशा,

तेश्रोः जकात (दान) दिनु, अर्थात इस्लाम धर्मले निर्धारित गरेको निश्चित मात्रामा केही धन सम्पति गरीब निर्धन र असहाय व्यक्तिहरुमा खर्च र वितरण गर्नु ।

जकातमा अल्लाहले धेरै फाइदा र विशेषताहरु राख्नु भएको छ दान गर्दा खेरि मान्छेको हृदय कन्जुसयाइ जस्तो नराम्रो चरित्र बाट पवित्र हुन्छ र आवश्यक्ताधीन र असमर्थ मान्छेहरुको सबै आवश्यक्ता पुरा हुन्छ र मनुष्यहरुमा एक अर्काको प्रति प्रेम को भावना उत्तपन्न हुन्छ र ईर्ष्या डाह र घमन्ड जस्ता नैतिक बाट मान्छेहरु मुक्त र सुरक्षित रहने छन र एक अर्का संग प्रेम दया नम्रता को धारणा प्राप्त हुन्छ ।

चौथो, रमजान महिनाको ब्रत बस्नुः यो रमजान महिनाको दिनमा खानु पिउनु बाट रुकेर गर्नु पर्छ अर्थात अल्लाहको इबादतको लागी एउटा सदाचारी मान्छेले पुरै महीना बिहानिको बेलामा फजर उदय भन्दा पहिले देखि नै नियत गरेर सूर्यास्त सम्म खानु पिउनु र स्वास्नी संग सम्भोग गर्नु बाट रुक्नु र रोजा भँग गर्ने सबै कुरालाई त्यागेर अल्लाहको स्मरण उपासना गर्नु यसलाई ब्रत भनिन्छ ।

रोजाको पनि धेरै लाभ र फाइदाहरु छनः यस बाट हृदय पवित्र हुन्छ र अल्लाहको खुशीको लागी सबै मन पराउने कुराहरुलाई

त्याग्ने बानी आउँछ र अल्लाहको खुशी प्राप्त हुन्छ, धैर्य राख्ने नैतिक र दुखलाई सहन गर्ने क्षमता प्राप्त हुन्छ ।
त्यसको फाईदाहरु मध्ये यो पनि हो कि निष्ठापुर्वक कर्म गर्नको धारणा आउँछ नासो लाई सुरक्षित राख्न चिन्ता हुन्छ अर्काको बारेमा सोच विचार गर्न पाइन्छ अलि शरीर फुर्तिलो र स्वास्थ्य रहन्छ अनि हामी हरेक रोग बाट मुक्त हुनेछौ ।
पाँचौ: काबाको हज्ज गर्नु अर्थात अल्लाहको पवित्र घर काबाको दर्शन परिक्रमा र अन्य निश्चित कार्यहरु गर्नु जुन अरबको प्रसिद्ध शहर मक्कामा स्थित छ हज्जगर्नु जीवनमा एक पटक ति सबै मुस्लिमहरुमाथी अनिवार्य हुन्छ जुन मान्छेहरुले त्यहाँसम्म हिडने फर्कने र बाटोको सबै खर्च तिर्ने क्षमता राख्दछन् ।

## इस्लाम धर्मका केही विशेषताहरु

इस्लाम नै त्यो धर्म हो जसलाई अल्लाहले सम्पूर्ण मानव जातिहरुको लागी रोज्नु भएको छ यो धर्म हरेक ठाउँको लागी परिपूर्ण र हरेक समयको लागी प्रयाप्त छ यसले हरेक राम्रो कर्म र फाईदाको कार्यलाई स्पष्ट गरेर त्यस तर्फ मार्गदर्शन गरेको छ र नराम्रो बाटो र दुष्कर्महरु बाट सावधान गरेको छ कुनै पनि मान्छेले कहिल्यै पनि इस्लामलाई छाडेर शान्ति आनन्द र सुख पाउँदैन यस मार्ग लाई छाडेर कहिल्यै पनि मार्गदर्शीत र सफल हुन सक्दैन र जुन मान्छेले यस धर्मको कानून र नियमको उल्लंघन गर्छ त्यो पथभ्रष्ट र क्षतिग्रस्त भईहाल्छ किन भने जुन सर्वश्रेष्ट गुण र सर्वोत्तम विशेषताहरु यस धर्ममा पाइन्छ त्यो अरु कुनै पनि धर्ममा पाईदैन ।
तल इस्लामको श्रेष्ठता र महानताको बारेमा त्यसका केही विशेषताहरु को उच्चारण गरिएको छ जसबाट यो स्पष्ट हुन्छ कि इस्लाम नै सबै भन्दा महान र सत्य धर्म हो ।

(१) यो धर्म अल्लाहको तर्फ बाट आएको छ र यसको नामाकरण पनि अल्लाहले नै गर्नु भएको छ र अल्लाहलाई मान्छेहरुको आवश्यक्ताको बारेमा सबै जानकारी छ, अल्लाह तआलाले भन्नु भएको छ, अर्थात "के उसलाई थाहा छैन जसले सृष्टि गरेको छ जब कि उ सूक्ष्मदर्शी र हरेक कुराबाट अवगत रहेको छ" (अलमुल्क, १४)

(२) अल्लाह तआलाले मनुष्यहरुको सृष्टिको सुरुआत र उनीहरुको अन्तिम दिनलाई स्पष्ट पार्नु भएको छ र उनीहरुको जन्मको सबै भन्दा महत्वपुर्ण उद्देश्यलाई पनि बताउनु भएको छ र सफलताको बाटो लाई पनि स्पष्ट गर्नु भएको छ जुन बाटोमा हिडेर यस संसारिक जीवनमा मान्छे सफल र मार्गदर्शित भई हाल्छ र ति सबै कुराहरुलाई पनि बताउनु भएको छ जुन कुराहरु बाट मानिसहरुलाई बाच्नु अनिवार्य हुन्छ साथै त्यस बाट सावधान पनि गर्नु भएको छ ।

अल्लाह तआलाले भन्नु भएको छ, अर्थात "हे मान्छेहरु आफ्नो पालनकर्ता सित डर मान्ने गर जसले तिमीहरु लाई एउटै प्राणी बाट सृष्टि गरेको छ र त्यसै बाट त्यसको जोई बनाएको छ र ति दूबै बाट धेरै पुरुष र स्त्रीहरु लाई फैलाएको छ" (अन्निसाअ, १)

अर्को ठाउँमा भन्नु भएको छ, अर्थात, "यसै धरती बाट हामी ले तिमीहरु को सृष्टि गऱ्यौ र यसैमा तिमीहरु लाई फेरी फर्काउने छौ र यसैबाट अर्को पल्ट तिमी सबैलाई निकाल्ने छौ" (ताहा, ५५)

र अर्को ठाउँ मा भन्नु भएको छ, "मैले दानव र मानवहरुलाई मात्र आफ्नो उपासनाको लागी सृष्टि गरेको छु" (अज्जारियात, ५६)

र अर्को ठाउँमा आएको छ, "आज मैले तिम्रो निम्ती तिम्रो धर्मलाई पूर्ण गरि दिए र आफ्नो उपकार तिमीहरु माथी अवतरित गरिदिए र तिमीहरुको लागि यस कुरालाई रोजे कि तिम्रो धर्म इस्लाम नै हो" (अलमाएदाह,३)

(३) तसर्थ यो इस्लाम धर्म स्वभाविक विशेषतापुर्ण र प्राचीन धर्म हो कसैले यसलाई इन्कार गर्न सक्दैन, अल्लाहले भन्नु भएको छ, “त्यो अल्लाहको विशेषता जसमाथी उसले मनुष्यहरुको सृष्टि गर्नु भएको छ” (अररुम, ३०)

(४) यस धर्मले आफ्नो बुद्धीलाई सही प्रयोग गर्ने र सोच विचार गर्नको लागी प्रोत्साहीत गर्छ र अज्ञानता, अन्धकार, र नराम्रो परम्पराको निन्दा गर्छ र सत्य मार्गको खोज न गर्नेवाला व्यक्तिलाई अपमानित गर्छ, अल्लाह तआलाले भन्नु भएको छ, अर्थात, “के उनीहरु जो ज्ञानी छन र उनीहरु जो अज्ञानी छन दुबै समान हुन सक्छन ? निश्चित रुपले शिक्षा त तिनीहरुले नै ग्रहण गर्दछन् जो बुद्धिमान रहेका छन” (अज्जुमुर, ९)

अर्को ठाउँमा भन्नु भएको छ, अर्थात, “निःसन्देह आकाशमण्डल र पृथ्वीको सृष्टि र रात र दिनको चक्रमा बद्धिमान मानिसहरु को लागी निशानीहरु छन जुन मानिसहरुले उठदा बस्दा र पल्टिरहँदा अल्लाहको स्मरण गर्दछन र आकाशमण्डल र पृथ्वीको सृष्टिमाथी चिन्तन र विचार गर्दछन र भन्दछन कि हे हाम्रो पालनकर्ता तपाईले यी सबै सृष्टिको सृजना बिना उद्देश्य गरेको होइन तपाई पवित्र हुनुहुन्छ हामीहरुलाई नरकको आगोबाट बचाउनु” (आलइम्रान, १९०,१९१)

(५) इस्लाम एउटा सिद्धान्तिक र नियमित धर्म हो र यो आफ्नो सिद्धान्त र नियममा परिपूर्ण छ र यो कुनै खास मतको धर्म होइन बरु यो हरेक ठाउँ र हरेक समय र हरेक मनुष्यको लागी परिपूर्ण छ यसमा हरेक उच्च आचरण र महान उपदेश र राम्रा नियम र विधी र उच्च व्यवहारहरु समावेश छन त्यसैले हरेक मनुष्य र हरेक कुलवंशको यो एउटै धर्म हो र यही नै यस संसारको पहिलो र अन्तिम धर्म हो ।

(६) यस धर्मले मानवीयभावनाको सम्मान गर्छ र त्यसलाई सही दिशा देखाउँछ जसको माध्यमले त्यो ठूलो र महान भई हाल्छ ।

(७) यस धर्मले हरेक व्यक्तिसंग न्यायको आज्ञा दिन्छ चाहे मित्र होस् वा शत्रु होस् नजिकको होस् वा टाढाको होस् ठूलो होस् वा सानो होस्  अल्लाह तआला ले भन्नु भएको छ, “निःसन्देह अल्लाहले न्याय गर्नुको आदेश दिनु भएको छ” (अन्नहल, ९०)
र अर्को ठाउँमा भन्नु भएको छ, “जब तिमीहरु कुरा गर त न्यायको कुरा गर चाहे त्यो विषय तिम्रो नातेदार र आफन्तीको कुरा नै किन न होस्” (अल अन्आम,१५२) र अर्को ठाउँमा आएको छ, “अर्थात कुनै समुदायको शत्रुता तिमीलाई न्यायको बाटोबाट बिचलित न गरोस् उनीहरुसंग न्याय गर्दै गर किनभने यही नै संयमको धेरै नजीक गरिदिन्छ” (अलमाएदा, ८)
(८) इस्लाम वास्तविक रुपमा विश्वब्यापी भाईचाराको धर्म हो त्यसैले हरेक मुस्लिम मानिसहरु आपसमा एक अर्काको भाई हुन, चाहे तिनीहरु कुनै पनि देश र राष्ट्र र कुनै पनि बंश र जातवर्ग र कुनै पनि रंगका हुन कसै लाई कसै माथी श्रेष्ठता छैन सबै जना एक समान हुन तिनीहरु बीच केही पनि फरक र भिन्नता हुदैन जाति वा खानदानको हिसाबले कोही तुक्ष र ठूलो हुदैन गोरो र कालोको माध्यमले तिनीहरु बीच केही तल माथी हुदैन इस्लाम धर्ममा ठूलो र महान त्यही हुन्छ जो संयमी छ जो अल्लाह संग डर मान्ने गर्दछ, अल्लाहले भन्नु भएको छ, अर्थात “वास्तवमा अल्लाह कहाँ तिमीहरु मध्ये सर्वाधिक प्रतिष्ठित त्यो मान्छे हुन्छ जुन मान्छे ले अनुचित कर्म बाट भय र डर मान्ने वाला हुन्छ” (अलहुजरात, १३)
(९) इस्लाम ज्ञान र शिक्षाको धर्म हो त्यसैले यसले ज्ञान हासिल गर्नको आदेश दिन्छ र शिक्षा ग्रहण गर्नको लागी प्रोत्साहित गर्छ अनि त्यसमा धेरै लाभहरु बताएको छ, अल्लाह तआलाले भन्नु भएको छ, “तिमीहरु मध्ये जुन मान्छेहरुले ईमान लाएका छन र उनीहरु लाई ज्ञान प्रदान गरिएको छ अल्लाहले उनीहरुको दर्जा उच्च र महान गर्ने छन्” (अलमुजादिला, ११)

अर्को ठाउँ मा भन्नु भएको छ, "तपाई भनी दिनुस कि जो ज्ञानी छन र जो अज्ञानी छन दुबै जना समान हुन सक्छन्, कदापि सक्दैनन् ? (अज्जुमुर,(९) र रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ, "धर्मको ज्ञान हासिल गर्नु हरेक मुस्लिम माथी अनिवार्य छ" ।

(१०) जसले इस्लाम धर्मलाई स्वीकार गरेको छ र अल्लाहले दिएको आदेश अनुसार सबै कर्महरु गर्छ अल्लाह तआलाले त्यसको मार्गदर्शन र सफलताको ग्यारन्टी लिनु भएको छ चाहे त्यो एकलै होस वा सबै समुदायका मान्छे हुन् तिनीहरु यस संसारमा पनि मार्गदर्शित हुनेछन र प्रलोकको जीवनमा पनि सफल हुने छन,

अल्लाह तआलाले भन्नु भएको छ, अर्थात "अल्लाहले तिमीहरु मध्ये ती मानिसहरु सित जसले ईमान ल्याए र सत्कर्म गरे वचन दिएको छ कि उसले उनीहरुलाई यस धर्तीमा अवश्य नै सत्ताधिकार प्रदान गर्ने छ जसरी उसले उनीहरु भन्दा पहिलेका मान्छेहरुलाई सत्ताधिकार प्रदान गरेको थियो र उनीहरुको धर्मलाई जुन् उनीहरुको निम्ती रोजेको छ त्यसलाई दृढ र बलियो बनाउने छ र निश्चय नै उनीहरु को भयको बदलामा शान्ति प्रदान गर्ने छ उनीहरु मेरो उपासना गर्ने छन र मेरा साथमा कसैलाई सहभागी ठहराउने छैनन्" (अन्नूर,५५)

र अर्को ठाउँमा भन्नु भएको छ, "अर्थात जुन व्यक्तीले सत्कर्म गर्दछ पुरुष होस वा स्त्री र त्यो मोमीन पनि छ त्यसलाई हामीले यस संसारमा आरामको जीवन प्रदान गर्ने छौ र प्रलोकमा तिनीहरुको राम्रो कर्मको धेरै राम्रो बदला पनि अवश्य नै दिने छौं" (अन्नहल, ९७)

(११) इस्लाम प्रेम र मित्रताको धर्म हो यसले एक अर्काको सहयोग र एकअर्का प्रति प्रेमको भावना उत्पन्न गर्नको लागी प्रोत्साहित गर्छ र आज्ञा पनि दिन्छ, रसूल सल्लल्लाहु अलैहि

वसल्लमले भन्नु भएको छ, अर्थात, "मुस्लिम मानिसहरु एक अर्का संग प्रेम र दयामा र व्यवहार र सहानुभुतिमा एउटै शरीर जस्तै छन जब शरीरको कुनै अंग पिड़ा र दुखमा हुन्छ त पुरै शरीर नै त्यसलाई आभास र महसुस गरिरहेको हुन्छ मुस्लिम मानिसहरुलाई यस्तै नै हुनु पर्छ (मुस्लिम २५८६)

अर्को ठाउँमा भन्नु भएको छ "अर्थात दयावान मानिसहरु माथी अल्लाहले दया र कृपा गर्दछन् तिमीहरु पृथ्वीमा रहेका मानिसहरुमाथी दया गर तिमीहरु माथी आकाशमा रहेको अल्लाहले दया र कृपा गर्छन् ।

र अर्को ठाउँमा भन्नु भएको छ, "अर्थात तिमीहरु मध्ये कुनै पनि वास्तविक मुस्लिम हुन सक्दैन यहासम्म कि ऊ आफ्नो भाईको लागि पनि त्यही मन पराओस् जुनकुराहरु आफु लागी मन पराई रहेको छ (बुखारी १३ मुस्लिम ४५)

(१२) इस्लामले सोच विचार, परिश्रम र सत्य कार्यको आदेश दिन्छ, रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ, बलियो मुस्लिम कमजोर मुस्लिम भन्दा राम्रो हुन्छ र अल्लाहको प्यारो हुन्छ र जुन कुराहरु बाट तिमीलाई फाइदा हुन्छ त्यसको लागी उत्सुक र परिश्रम गर अल्छी गरेर न बस र यदी तिमीलाई केही दुख परेको छ भने यस्तो न भन की यदी मैले यस्तो गर्थे भने यस्तो भईहाल्थ्यो बरु यो भन की अल्लाहले मेरो भाग्यमा यस्तै लेख्नु भएको थियो र उहाँले जे चाहनु हुन्छ त्यही हुन्छ

(१३ इस्लाम अभाव विभेद र कमीहरु बाट पवित्र छ, अल्लाह तआलाले भन्नु भएको छ अर्थात "यदी यो कुरआन अल्लाह बाहेक अरु कसैको तर्फ बाट भएको भने उनीहरु यसमा धेरै विरोधाभाषपूर्ण र खण्डित कुराहरु पाउने गर्थे" (अन्निसाअ, ८२)

(१४) इस्लाम स्पष्ट र एकदमै सजिलो धर्म रहेको छ हरेक मानिसले यसलाई बुझ्न र सिक्न सक्छ ।

(१५) इस्लाम सबै मानवजाति को लागि खुल्ला धर्म रहेको छ जुन सुकै मनुष्यले यसको शिक्षालाई सिक्न र ग्रहण गर्न र इस्लाममा प्रवेश गर्न चाहन्छ त्यसको लागी यसको द्वार सधैं खुलेको हुन्छ त्यसमाथी केही पनि प्रतिबंध र कुनै भेदभाव हुदैन,
(१६ इस्लाम धर्मले राम्रो चरित्र र उच्च आचरणको शिक्षा दिन्छ र राम्रो कर्म गर्नको लागि आदेश दिन्छ, अल्लाह तआलाले भन्नु भएको छ, अर्थात, "तपाई क्षमाको नैतिक अपनाउनु र सत्य कामको उपदेश दिनु र अज्ञानीहरु बाट टाढा बस्नुस्"( अलआअराफ, १९९)
अर्को ठाउमा भन्नु भएको छ "पुण्य र पाप बराबर हुदैन खराबीलाई भलाई बाट हटाउने गर यस्तो गरे पछि तिमीले हेर्ने छौ कि जसको साथमा तिम्रो शत्रुता थियो त्यो घनिष्ट मित्र भइहाल्छ" (फुस्सिलत, ३४)
रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ, अर्थात "जुन कुराले मानिसहरुलाई सबै भन्दा बढी स्वर्गमा लिएर जान्छ त्यो संयम अल्लाहको डर र उच्च आचरण हो।
अर्को ठाउँमा भन्नु भएको छ अर्थात "महान सदाचारी त्यो मान्छे हुन्छ जसको चरित्र महान हुन्छ, र अर्को ठाउँमा भन्नु भएको छ, "मानिसहरु मध्ये अल्लाहको मयालु त्यो व्यक्ति हुन्छ जसले मान्छेहरु लाई धेरै फाइदा दिन्छ र अल्लाह नेर सबै भन्दा राम्रो कर्म यो हो कि तिमी एक अर्का प्रति प्रेमको भावना उत्पन्न गर मानिसको पीड़ा र वेदनालाई हटाउने गर त्यसको ऋण तिरीहाल वा त्यसको भोकलाई समाप्त गरिदेउ, म आफ्नो कुनै मुस्लिम व्यक्तिको कुनै पनि आवश्यक्तालाई पुरा गर्नको लागी हीड्छु यो मेरो नजिक मस्जिदमा एक महीना सम्म एअतकाफमा बस्नु भन्दा अधिक उत्तम हुन्छ।
(२७) इस्लाम धर्मले बुद्धि र हरेक प्रकारले स्वास्थको सुरक्षा गरेको छ त्यसैले रक्सी चुरोट खैनी र हरेक कुरा जो स्वास्थको

लागी हानीकारक छ ति सबै लाई हराम र निषेध गरेको छ र आत्महत्यालाई महापाप भनेको छ अल्लाह तआलाले भन्नु भएको छ, "तिमीहरु आफुलाई (एकअर्काको) हत्या न गर निःसन्देह अल्लाह तिमीहरु माथी धेरै कृपालु छन" (अन्निसाअ,२९)

(१८) इस्लाम धर्मले धन र सम्पतिको सुरक्षा गर्छ त्यसैले नासोलाई सुरक्षित राख्नको लागी मानिसहरुलाई प्रोत्साहीत गरेको छ, र त्यसखालका मानिसहरुको प्रशंसा पनि गरेको छ र तिनीहरुलाई राम्रो जीवन र स्वर्गमा प्रवेश गराउने प्रतिज्ञा पनि लिनु भएको छ, र चोरीलाई अवैध र निशेध गर्नु भएको छ र चोरी गर्ने वाला मान्छेमाथी यस संसारमा र प्रलोकमा ठूलो सजाए राख्नु भएको छ जस्ता कि चोरको हात काटिन्छ, किनभने यस्तो गरेमा कुनैपनि मान्छेले चोरी गर्न र मनुष्यहरुलाई डराउन साहस पनि गर्न सक्दैन्

(१९) इस्लाम धर्मले ज्यानको सुरक्षा गरेको छ त्यसै गर्दा यसले हत्या हिंसालाई हराम र निशेध गरेको छ अनि हत्यारालाई मृत्युदण्डको सजाय तोकेको छ र त्यो सदैव सदैवको लागि नरकको यातना भोग्ने छ

इस्लामको एउटा खास विशेषता यो हो कि यसले हरेक पापको दण्ड र सजाए निर्धारित गरेको छ र यो नियम मुस्लिम राष्ट्यहरुमा लागुपनि गरिन्छ त्यसैले त्यहा हत्या हिंसा धेरै कम हुन्छ किनभने जब मान्छेलाई थाहा हुन्छ कि यदि त्यसले कुनै मान्छेको हत्या गर्छ भने त्यसको पनि घांटी काटिन्छ भने त्यसले कसैको हत्या गर्ने साहस पनि गर्दैन र मानिसहरु अत्याचारीको अत्याचार र अपराधीको अपराध बाट सुरक्षित भईहाल्छन् ।

(२०) इस्लाम धर्मले स्वास्थयको पनि ख्याल र सुरक्षा गर्छ अल्लाह तआलाले भन्नु भएको छ "प्रयाप्त खाने पिउने गर र सीमा भन्दा अघि नबढ निसन्देह अल्लाहले सीमा भन्दा अघि बढ्ने मान्छेलाई मन पराउदैनन्" (अलआअराफ,३१)

विद्धवान र वैज्ञानिकहरुले भन्छन यस आयतमा हरेक प्रकारको रोग बाट बच्ने र राम्रो स्वास्थ बनाउने तरीका बताइएको छ किनभने खाना पानीमा राम्रो ध्यान र त्यसमा संतुलन यो सम्पूर्ण स्वास्थको सबै भन्दा ठूलो कारण हो ।

त्यसै गरि इस्लामले स्वास्थको सुरक्षाको लागि जुन नियमहरु बनाएको छ ती मध्ये यो पनि हो कि यसले रक्सी धुम्रपान र मादक पदार्थ हरुलाई हराम गरेको छ र यी सबै वस्तुहरु स्वास्थको लागि कति हानिकारक छन यो सबै हामीहरु लाई स्पष्ट रुपले थाहा छ, त्यसैगरि यसले नाजायज यौन सम्बन्ध व्यभिचार बलत्कार र इगलाम बाजी (पुरुषले पुरुषसंग यौन सम्पर्क) लाई पनि अवैध र निषेध गरेको छ जसमा शारीरिक र मानशिक हानी जो रहेको छ त्यो हामीहरुसंग लुकिएको छैन, जस्तै की सुजाक आष्तिक सैलान (बह) र एड्स आदि, र यसका अपराधीहरु माथी सजाय पनि निर्धारित गरेको छ ।

(२१) इस्लाम धर्मले मानिसहरुलाई आजादी र स्वतन्त्रता प्रदान गरेको छ तर त्यसको लागि सीमा पनि बनाएको छ इस्लाममा मनुष्य खरीद बिक्री व्यापार र आर्थीक गतिविधी र यातायातमा स्वतन्त्र र आजाद छ तर त्यो धोखा दिएर बेईमानी गरेर र दगांहिंसा र भ्रष्टाचार गरेर अल्लाहको सीमा बाट अगाडी न जाओस् र नियमको उल्लंघन न गरोस्  मनुष्यले आफ्नो इच्छा अनुसार पवित्र वस्तुहरुबाट जे पनि चाहन्छ खान्छ जुन पनि लुगा लगाउन चाहन्छ लगाउँछ तर एउटा कुरा ध्यानमा राख्नु पर्छ कि त्यो हराम अथवा निषेधित कुरा न होस् जस कारण त्यो क्षतिग्रस्त र पथभ्रष्ट भई हालोस वा अर्का लाई क्षति पुर्याइ हालोस् ।

# इस्लाम धर्मका केही सुन्दरताहरु

इस्लाम धर्मले मनुष्यहरुलाई यस संसारिक जीवनमा आवश्यक्ता पर्ने हरेक कुरालाई प्रदान गरेको छ र हरेक कुराको शिक्षा र ज्ञान दिएको छ ताकि त्यसकारण मान्छेहरु लोक र प्रलोकको जीवनमा सफल र मार्गदर्शित भईहालुन् र यी सबै इस्लामको सुन्दरता र विशेषता हुन ती सुन्दरताहरु लाई दुई भाग (आदेश र निषेध) मा विभाजित गरिएको छ

# सर्वप्रथम इस्लामले दिएको आदेशहरु

(१) इस्लाम धर्मले यस्तो शिक्षा दिएको छ जस कारण एउटा व्यक्ति त्यसलाई ग्रहण गरेर जनावरहरु र नराम्रो खालका मान्छेहरु मध्ये महान र सर्वश्रेष्ट भईहाल्छ र स्वार्थ र कामवासनाको पुर्तीबाट मुक्त भईहाल्छ र अल्लाह बाहेक अर्काको अगाडी ढोग गर्दैन् र कहिल्यै खाँचोमा पनि पर्दैन् ।

(२) इस्लाम धर्मले बुद्धी र अगंहरु लाई प्रयोग गरी सत्यमार्गको खोज गर्नको आदेश दिन्छ जस कारण मनुष्यहरुको सृष्टि भएको छ ताकि तिनीहरु सत्कर्म गरी लोक र प्रलोकको जीवनमा सफल भईहालुन् ।

(३) इस्लाम धर्मले निष्ठापुर्वक एउटै अल्लाहको उपासना र अराधनाको आज्ञा दिन्छ र त्यस बाहेक सबै झुठा ईश्वरहरुको परितयाग गर्छ ।

(४) इस्लाम धर्मले मानिसहरु मध्ये एक अर्काको आवश्यक्ता लाई पुरा गर्ने र तिनीहरुको सहयोग गर्नको लागि प्रोत्साहीत गर्छ  र त्यसमा धेरै पुण्यहरु राखेको छ ।

(५) इस्लाम धर्मले बिरामीहरु को हेरविचार र मृतक मान्छेको जनाज़ा (अन्तिम संसकार ) मा सहभागी हुन र त्यसको लागि अल्लाहसंग प्राथना गर्न र चिहानहरुको देखरेख र हाम्रा बितेका

सबै पुर्खाहरु प्रति क्षमायाचना र सफलताको लागि अल्लाह संग प्रार्थना गर्ने आदेश दिन्छ ।

(६) इस्लाम धर्मले हरेकसंग न्याय गर्ने आदेश दिन्छ र अन्याय र अत्याचार बाट मनाही गर्छ र त्यसमा सजाय पनि राखेको छ र यो आज्ञा दिएको छ कि मान्छेहरु अर्काको लागि त्यही मन पराउन् र त्यसैको इच्छा गरुन् जुन तिनीहरु आफुलागि मन पराउँछन र इच्छा गर्छन ।

(७) इस्लाम धर्मले आहार भोजन र जीविकाको खोजको लागि परिश्रम गर्ने आदेश दिन्छ र मान्छेहरुलाई यसै कारण सम्मान दिन्छ र अर्काको अगाडी हाथ फैलाउने र प्रशन गर्ने र घटियापनाको ठाउँ बाट टाढा राख्दछ ।

(८) इस्लाम धर्मले सबै सृष्टिहरु माथी कृपा गर्ने र तिनीहरु संग प्रेमको भावना उत्तपन्न गर्ने र तिनीहरुको ध्यान दिने र तिनीहरुको फाइदाको लागि मिहतन र परिश्रम गर्ने र तिनीहरु माथि आएको समस्यालाई हटाउन प्रयास गर्ने आदेश दिन्छ ।

(९) इस्लाम धर्मले आमा बाबु संग सम्मानपुर्वक व्यवहार गर्ने पाहुना र नातेदारहरु संग राम्रो संम्बन्ध बनाउने छिमेकीहरु संग राम्रो व्यवहार गर्ने र जनावरहरु माथि दया र कृपा गर्ने बानी सिकाउँछ ।

(१०) इस्लाम धर्मले साथीहरुसंग वफादारी र श्रीमती र छोरा छोरी लगायत सबै परिवार संग राम्रो व्यवहार गर्ने आदेश दिन्छ ।

(११) इस्लाम धर्मले अमानतदारी र नासोलाई पुर्याउने र प्रतीज्ञालाई पुरा गर्ने र राम्रो विचार राख्ने र शंका उपशंका बाट बाच्ने, कार्यहरुमा सहनशील भावना राख्ने र भलाई र राम्रो कामको लागि परिश्रम र पहल गर्ने आदेश दिन्छ ।

यस बाहेक अरु धेरै सर्वश्रेष्ठ र सर्वोत्तम राम्रा आदेशहरु पनि छन ।

# (दोश्रो) निषेधित कार्यहरु

इस्लाम धर्मको एउटा सर्वश्रेष्ठ र महान सुन्दरता यो पनि हो कि यसले सबै मानवजातिलाई दुष्कर्म र नराम्रो कुराहरु बाट डराएको छ र त्यसको नराम्रो परिणामलाई स्पष्ट पारेको छ र त्यसतो दुष्कर्म गर्ने मान्छेहरुमाथी सजाए पनि राखेको छ, ताकि सम्पूर्ण मानिसहरु एउटा सुरक्षित समाजको वातावरण पाउन् र त्यसमा बस्न सकून् इस्लामले जुनकार्यहरु निषेध गरेको छ त्यो यस प्रकार छन ।

(१) इस्लाम धर्मले नास्तिकता र अल्लाह संग साझेदार र सहभागी बनाउनु बाट मनाही गरेको छ ।

(२) इस्लामले घमन्ड, घृणा, ईर्ष्या डाह र पीड़ित मान्छेहरुलाई हेरेर खुश हुनु बाट मनाही गरेको छ ।

(३) इस्लामले झुटो शंका, उपशकां, निराशा, कन्जुसयाई, अनावश्यकखर्च र सीमा भन्दा अगाडी बढ्नुमा प्रतिबन्ध लगाएको छ ।

(४) इस्लामले अल्छीपना, कायरता, कमजोरी, बेरोजगारी, अशिष्टता बेलज्जीत, क्षमताहीन, क्रोध, उत्तेजना, र बितिसकेका र बर्बाद भएका कुराहरु माथी क्रोधित र निराशा हुनबाट मनाही गरेको छ ।

(५) इस्लामले शत्रुता र कठोर हृदय बनाउन बाट मनाही गरेको छ जस कारण मानिसहरुको मनमा कमजोर असहाय र पीडित व्यक्तिको सहयोग गर्नुमा बाध र रुकावट उत्तपन्न हुन्छ ।

(६) इस्लामले निन्दा, मान्छेहरुको कुरालाई तिनीहरुको इच्छा बिरुद्ध एक अर्का संग गर्ने र दगां फसाद उपद्रव मचाउनको लागी एउटा मान्छेको कुरा लाई अर्को मान्छे संग जोडने र गप्प हांकने प्रति रोक लगाएको छ ।

(७) इस्लामले आवश्यक्ता भन्दा धेरै कुरा गर्नु गप्प हांकनु कुनै रहस्यलाई खोल्नु मान्छेहरुको आलोचना र उपहास गर्नु बाट मनाही गरेको छ ।

(८) इस्लामले गालीगर्नु र धिक्कार र श्राप दिनु अपमान गर्नु र नराम्रो उपाधीले सम्बोधन गर्नु बाट मनाही गरेको छ ।

(९) इस्लाम धर्मले दंगा फसाद गर्नु धेरै झगडा गर्नु र यस्तो मजाक र उपहासबाट टाढा बस्नको लागि भनेको छ जस कारण दुर्ष्कम र उपद्रवको ढोका खुलि रहेको हुन्छ ।

(१०) इस्लामले साक्ष्य र गवाहीलाई लुकाउनु बाट मनाही गरेको छ र झुठो गवाही दिनुमा रोक लगाएको छ र सच्चरित्र र पवित्र महिलाहरु माथि दोषारोपण र बितेका मानिसहरुलाई गालीगर्नु वा नराम्रो कुराहरु भन्नुबाट मनाही गरेको छ र ज्ञानलाई लुकाउनु र प्रकट न गर्नुबाट मनाही गरेको छ ।

(११) इस्लामले मुर्खता, निर्लज्जता, दानगरे पछि त्यसलाई जताउनु र जुन मान्छेहरुले तपाईको सहयोग गरेका छन र तपाईमाथी उपकार गरेका छन तिनीहरुको प्रशंसा न गर्नु यि कुराहरुबाट इस्लामले मनाही गरेको छ ।

(१२) इस्लामले राजद्रोह, कुकृत्य, नराम्रो चाल, र प्रतिज्ञालाई भंग गर्नुमा रोक लगाएको छ ।

(१३) इस्लामले आमा बाबुको कृतिध्नतो नातेदारहरुको बीचमा बाधा पुर्याउने र सन्तानहरुको हेरविचार नगर्नेमा प्रतिबन्ध लगाएको छ ।

(१४) इस्लामले उपद्रवको लागि जासुसी गर्नु र मनुष्यहरुको रहस्यलाई खोज गर्नुलाई अवैध पारेको छ ।

(१५) इस्लामले पुरुषलाई महिलाको रुप धारणगर्नु र महिलालाई पुरुषको रुपधारण गर्नुबाट मनाही गरेको छ ।

(१६) इस्लामले जांड रक्सी र धुम्रपानहरुलाई निषेध गरेको छ र जुवा तासहरुमाथि रोक लगाएको छ जसकारण धन सम्पति र ज्यानको विनाश भई हाल्छ ।

(१७) इस्लामले खरिद बिक्रीमा झुठो कसमले मुल्यमा बृद्धि र नाप तौलमा कमी र सम्पतिलाई हराम तरीकाले खर्च गर्नु र छिमेकीलाई क्षति पुर्याउनु बाट मनाही गरेको छ ।

(१८) इस्लामले चोरी, क्रोध, र मान्छेहरुको कार्यमा धोखा र गद्दारी गर्नु र मजदुरको मजदुरी रोकी लिनु वा त्यसलाई समयमा मजदुरी न दिनुमा रोक लगाएको छ ।

(१९) इस्लामले धेरै खाना खान बाट मनाही गरेको छ जसले आन्द्रा र शरीरलाई हानी पुर्याउँछ ।

(२०) इस्लामले अन्याय, आक्रोश, झगडा, धोखा, आफ्नो भाई सित मुख फेर्नुबाट मनाही गरेको छ र क्रोधित भएर आफ्नो मुस्लिम भाई संग तीन दिन भन्दा बढी कुराकानी छाडन्लाई अवैध र निषेध गरेको छ ।

(२१) त्यसै गरि बिना कुनै कारण कसैलाई पिट्नु वा हातहथियारसंग त्यस तर्फ संकेत गर्नुमा पनि रोक लगाएको छ ।

(२२) इस्लामले व्यभिचार बलात्कार इग्लामबाजी पुरुषले पुरुषसंग यौन सम्पर्क र हत्या हिंसा बाट मनाही गरेको छ र त्यसमा ठूला सजाय र दण्ड पनि राखेको छ ।

(२३) इस्लाम धर्मले घुस र ब्याजको लेनदेनलाई अवैध र निषेध पारेको छ ।

(२४) इस्लामले क्षमता भए पनि उत्पीडित र असहायको मद्दत न गर्नुलाई नराम्रो कुरा भनेको छ ।

(२५) त्यसै गरि अर्काको घर भित्र बिना आज्ञा प्रवेश गर्नु वा ताक झाक गर्नु वा मानिसहरुको कुराकानीलाई तिनीहरुको इच्छा बिरुद्ध कान लगाएर सुन्नु वा त्यसमा हस्तक्षेप गर्नु बाट मनाही गरेको छ ।

यस बाहेक अन्य धेरै निषेधित कुराहरु छन जसलाई इस्लाम धर्मले मानिसहरुको फाइदा र सुरक्षाको लागि अवैध र निषेध गरेको छ ।

# प्रलयको दिन

ईमानको ६ वटा स्तम्भहरु मध्ये एउटा प्रलोक प्रति विश्वास पनि हो, प्रलोक र त्यसको सम्बन्धमा जुन जुन कुराहरु आएका छन त्यस प्रति विशवास नगरी कुनै पनि मान्छे मुस्लिम हुन सक्दैन् जसको बारेमा अल्लाह तआलाले भन्नु भएको छ, अर्थात, "तिमीहरु त्यस दिन बाट कसरी बाँच्छौ जुन दिनमा बच्चाहरु लाई वृद्ध बनाइदिने छ" (अलमुज्जम्मिल १७)

**मृत्यु,** यस संसारमा एउटा महान सत्य र सबै भन्दा भयंकर र जस बाट हरेक प्राणीको अन्त हुन्छ त्यसको नाम मृत्यु हो, अल्लाह तआलाले भन्नु भएको छ, "प्रत्येक ज्यानले मृत्युको स्वाद चाख्नु पर्ने छ" अर्को ठाउँमा भन्नु भएको छ "यस धर्तीमा रहेका हरेक वस्तु नाशवान हुनेछ तर तिम्रो पालनकर्ताको अनुहार (व्यक्तित्व) जो प्रतिष्ठित र सम्मानित छ शेष रहने छ" र नबी सल्लल्लाहु अलैहि वसल्लमको बारेमा भन्नु भएको छ, अर्थात, "हे पैगम्बर यो निश्चित छ तपाईलाई पनि मृत्यु आउने छ र यिनीहरु पनि मर्ने छन् अनि तिमीहरु प्रलयको दिनमा आफ्नो पालनकर्ताको सामु झगडा गर्ने छौ" (अज्जुमुर,३०,३१)

यस ब्रम्हाण्डमा कुनै पनि प्राणी सदा सदाका लागि बाँच्दैन् निश्चै सबैको अन्त हुनेछ अल्लाहले भन्नु भएको छ, अर्थात "हामीले तपाई भन्दा पहिले कसै लाई अमरता प्रदान गरेका छैनौं" (अल अम्बिया ३४)

मृत्यु र प्रलयको बारेमा जानकारीको लागि हामीहरु लाई निम्न कुराहरुमा ध्यान दिनु पर्छ ।

(१) यस संसारमा धेरै मानिसहरु मृत्यु बाट असावधान छन जबकि यो यस्तो निश्चित कुरा हो जसमा कुनै सन्देह र शंका

छैन हामीहरुले आफ्नो आँखा बाट हेंर्छौं कि मृतक मान्छे आफ्नो दुबै हात खोलेर जान्छ आफ्नो साथमा यस संसार बाट केही पनि लिएर जादैन् , त्यसको साथमा मात्र त्यसको कर्म हुनेछ यदि त्यसले सत्कर्म गरेको छ भने मार्गदर्शित र सफल भई हाल्छ र यदि यसको विपरित दुष्कर्म गरेको छ भने असफल नाकाम र क्षतिग्रस्त भईहाल्छ ।

(२) मनुष्यको मृत्युको निश्चित समय, यो एउटा यस्तो रहस्य हो जसको ज्ञान अल्लाह बाहेक कसैलाई छैन त्यसैले कुनै पनि व्यक्तिलाई यो थाहा छैन कि त्यसको मुत्यु कुन ठाउँ र कुन समयमा हुन्छ किनभने कि यो रहस्य र अदृश्यको कुरा हो अल्लाहले यो आफु लागि खास गर्नु भएको छ उहाँ बाहेक अरु कसैलाई यसको बारेमा केही पनि थाहा छैन ।

(३) जब मृत्युको समय आई पुग्छ भने त्यसलाई कोही पनि हटाउन सक्दैन अथवा त्यसमा ढिलो गर्न वा त्यसलाई अघि गर्न सक्दैन् र त्यसबाट भागेर मुक्त हुनुपनि सम्भव छैन, अल्लाह तआलाले भन्नु भएको छ “प्रत्येक समुदायको लागी मृत्युको एक समय निर्धारित छ जब त्यो समय आई पुग्छ तब नत तिनीहरु त्यसमा एक छिन ढिलो गर्न सक्दछन नत एक छिन चाँडो गर्न सक्दछन्” (अलआराफ, ३४)

(४) यदि मोमिन र सदाचारीको मृत्युको समय आईपुग्छ भने मृत्युका देवदूत (यमराज) सुन्दर रुप र राम्रो सुगन्धमा उपस्थित हुन्छन र उनको साथमा दयाको देवदूतहरु पनि स्वर्गको शुभसूचना दिदै स्वागत गर्दछन् अल्लाह तआला ले भन्नु भएको छ अर्थात, “वास्तवमा जुन मानिसहरुले भने कि हाम्रो पालनकर्ता अल्लाह नै हुन् अनि उनीहरु त्यसमा दृढ रहे त उनीहरुको निम्ति फरिश्ताहरु यो भन्दै अवतरित हुन्छन कि तिमी निराश र

शोकाकुल नहोउ र त्यस स्वर्गको शुभसूचना सुनिहाल जसको तिमीहरुलाई वाचा दिइएको छ” (फुस्सिलत ३०)

तर नास्तिक र काफिरहरुको ज्यान निकालनको लागि मृत्युको फरिश्ता भयंकर रुप र कालो रँगमा आउँछन अनि सजाय र यातनाको फरिश्ताहरु पनि सजायको चेतावनी दिदै उपस्थित हुन्छन, अल्लाह तआलाले भन्नु भएको छ अर्थात, “यदि तपाईले ती अन्ययीहरुलाई देख्नु हुन्छ जब यिनीहरु मृत्युको कष्टपुर्ण अवस्थामा हुन्छन र फरिश्ताहरु आफ्ना हातहरु बढाइ राखेका हुन्छन अनि यो भनि रहेका हुन्छन कि आफ्नो प्राण समर्पित गर आज तिमीहरुलाई अपमानजनक सजाय दिइने छ किनभने तिमीहरु अल्लाहको बिरोधमा झूठा कुराहरु गर्ने गर्दथ्यौं र त्यसको आयतहरुलाई तिरस्कारपुर्ण अस्वीकार गर्ने गर्दथ्यौं (अलअन्आम ९३)

(५) जब मृत्युको समय आईपुग्छ तब हरेक मान्छेहरुको भेद र वास्तविक्ता र हरेक कर्महरु प्रकट भई हाल्छन्।

अल्लाहले भन्नु भएको छ, अर्थात, “जब उनीहरु मध्ये कसैको मृत्यु आईपुग्छ भने भन्ने गर्छन् हे मेरो पालनकर्ता मलाई पुन संसारमा फर्काइदेउ ताकि जुन कार्यहरु म छाडेर आएको छु त्यसमा गएर म राम्रो कर्म गरुँ तर कदापी यस्तो हुनेवाला छैन यो त मात्र एउटा कुरा हुन्छ जो कि उसले भन्ने गर्छ यो कहिल्यै पनि पुरा हुन सक्दैन र उनीहरुको पछाडी एउटा पर्दा छ त्यो दिन सम्म जब उनीहरु पुनः उठाइनेछन (अलमुअमिनसन ९९, १००)

मृत्यु आइसके पछि नास्तिक काफिर र पापीहरु राम्रो कर्म गर्नको लागी पुनः संसारिक जिवनमा फर्किने आशा व्यक्त गर्दछन तर समय बिती सके पछि पछतावाको कुनै महत्तव हुदैन र आशा गर्नले केही पनि फाईदा हुदैन अल्लाह तआलाले भन्नु भएको छ, “तिमीहरुले अत्यचारीहरुलाई हेर्ने छौ कि जब

उनीहरुले यातना र पीड़ालाई हेर्नेछन त यो भन्ने गर्छन कि के पुन संसारमा फिर्ता जाने कुनै मार्ग छ” (अश्शुरा, ४४)

**क़बर (चिहान)** मृत्यु पछि कबर मनुष्यको सबै भन्दा पहिलो गृह र परिक्षाको ठाउँ हुन्छ जुन व्यक्ति यस परिक्षमा सफल भई हाल्छ त्यसको लागी पछिका कुराहरु धेरै सजिलो हुन्छन् र जुन व्यक्ति यसमा सफल हुन सक्दैन भने त्यसको लागि पछिका कुराहरु धेरै कठिन दुखदायी र गाह्रो हुन्छन् ।

अनस रजियल्लाहु अन्हुको हदीसमा आएको छ कि रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ कि “जब मुर्दा लाई त्यसको साथीहरु कबरमा राखेर फर्केर आउँछन् भने मुर्दाले उनीहरुको जुत्ताको आवाज सुनी रहेको हुन्छ, र यो पनि भन्नु भएको छ कि त्यसको कबरमा दुई वटा फरिश्ताहरु आउँछन अनि त्यस लाई बसाएर यो प्रशन गर्छन कि यस व्यक्तिको बारेमा तिमीले के भन्नुहुन्थ्यो ।

यदि त्यो व्यक्ति मोमिन र सदाचारी हुन्छ भने यो जवाफ दिन्छ कि उँहा त अल्लाहको सन्देष्टा र सेवक हुनुहुन्छ यो जवाफ सुनेर फरिश्ताले भन्ने छन कि नरकमा आफ्नो ठाउँ लाई हेर अल्लाहले त्यसको सट्टामा स्वर्गको ठाउँ बाट बदलिदिएको छ अर्थात अल्लाह ले तिमी माथी नरक लाई हराम गरेर स्वर्गमा ठाउँ प्रदान गरिदिनु भएको छ ।

रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो कि त्यस व्यक्तिले प्रत्यक्ष रुपले ति दुबै ठाउँ लाई हेर्ने छ ।

र जब काफिर नास्तिक र कप्टीचारी मुनाफिक संग फरिश्ताहरु ले प्रशन गर्छन भने त्यसले यो उत्तर दिन्छ कि मलाई केहि पनि थाहा छैन म त त्यसतै भन्दै थिए जसता कि मान्छेहरु भनि रहेका थिए मलाई केहि पनि थाहा छैन तब फरिशताहरु भन्ने छन तन तैंले ज्ञान प्राप्त गरिस् नत अनुशरण गरिस् फेरि त्यस पछि फलामको हथौडाले त्यसको दुबै कानको बीचमा यस्तो

कुटाई हुन्छ कि उसको चींख र गुहार दानव र मानव बाहेक संसारको सबै वस्तुहरुले सुन्नेछन ।

चिहानमा आत्मालाई फर्काउने र शरीरमा प्राणलाई हालेर पुनः त्यसलाई जिवित पार्ने यो प्रलोक र अदृश्यको कुरा हो मनुष्यको बुद्धि भन्दा बाहिरको कुरा हो तर एउटा सदाचारी मान्छेलाई यस माथि विश्वास राख्नु पर्छ ।

अनि जब मुस्लिम र सदाचारी मानिस हुन्छ भने त्यो कबरमा सुख पाउँछ हरेक किसीमको आराम र शांन्ति त्यसलाई प्राप्त हुन्छ र यदि काफिर र नास्तिक छ भने त्यो दुख यातना र सजायको भागीदार हुन्छ अल्लाह तआलाले भन्नु भएको छ अर्थात "नरकको अगाडि काफिरहरुलाई साँझ र बिहान प्रस्तुत गराउँदै छन् अनि जब कयामतको दिन हुने छ त्यति खेर भनिनेछ फिरऔनको मान्छेहरुलाई निकृष्टतम र दुखदायी यातनामा प्रविष्ट गराऊ" (गाफिर ४६)

रसूले अकरम सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ कि कबरको यातनाबाट अल्लाहको शरण माग्दै गर ।

कबर, प्रलोक, स्वर्ग, र नरक, यी सबै गैब र अदृश्यका कुरा हुन ता पनि कुनै बुद्धिमान र सही दिमाग राख्ने व्यक्तिले यसको इन्कार वा यसलाई असम्भव भन्न सक्दैन् किनभने मनुष्यहरु आफ्नो जीवनमा धेरै यस्ता कुराहरुलाई हेरिरहेका छन जो यसको सत्यताको प्रमाण दिन्छन्

जस्तै हामीले हेर्छौं कि एउटा मान्छे सुतिरहेको हुन्छ र त्यसको छेउमा अर्को मान्छे बसी रहेको हुन्छ सुतेको मान्छेले नराम्रो स्वप्न हेर्छ अनि डराइ हाल्छ र चिच्याउँछ र मद्दतको लागी गुहार गर्छ तर त्यसको साथमा बसिरहेको मान्छेलाई केही पनि थाहा हुदैन् जब साथमा रहेको मान्छेलाई केही थाहा हुदैन भने मृत्यु र जीवनमा त धेरै अंतर छ र यो टाढाको कुरो भयो, सेम

यस्तै नै दृश्य र अदृश्य, लोक र प्रलोकको, कुरा हो कबरमा शरीर र आत्मा दुबै लाई सजाय हुन्छ ।
र रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ कि  कबर प्रलोकको पहिलो ठेगाना र परिक्षाफल हो यदि यहाँ बाट सफलता र मुक्ति प्राप्त भइहाल्यो भने आउने सबै कुराहरु सजिलो हुन्छन र यदि यहाँ सफलता र मुक्ति प्राप्त भएन भने पछि धेरै कठीनाई दुखदायी र गाह्रो हुन्छ

त्यसैले एउटा मुस्लिम मानिसलाई धेरै भन्दा धेरै कबरको यातना बाट अल्लाहको शरण माग्नु पर्छ खासगरि नमाजमा सलाम फेर्नु भन्दा पहिले र त्यसै गरि कबरको सजाय बाट बाच्नको लागी पाप र दुर्ष्कमहरु बाट टाढा बस्ने प्रयास गर्नु पर्छ किनभने पाप नै कबर र नरकमा सजायको पहिलो कारण हुन, यहाँ यसको नाम कबरको अजाब यस कारण दिइएको छ कि अधिक मान्छेहरु आफ्नो मृतक मान्छेलाई कबरमा गाड्दछन् तर यदि कुनै मान्छे डुबेर वा जलेर मरेको छ वा त्यसलाई जनावरले खाईदिएको छ वा मृत्यु पछि मान्छेहरुले  त्यसलाई जलाइ दिएका छन भने त्यस लाई बरजख अर्थात प्रलय आउने सम्म अवधिमा अनुकम्पा वा यातना अवश्य हुन्छ ।
कबरको अजाब र यातना विभिन्न प्रकार का हुन्छन् जस्तै कि फलामको हथौडा वा अरु कुनै अन्य वस्तु बाट कुटपिट गर्ने र कबरलाई एकदम अन्ध्यारो बनाइदिने आगोको ओछयान बनाउने नरकको ढोका खोलिदिने र मनुष्यको पाप र दुष्टकर्महरुलाई फोहोर र घृणातमक व्यक्तिको रुप धारण गरि त्यसको साथ कबरमा बस्ने छ, र यदि त्यो मान्छे काफिर र नास्तिक छ भने यो सजाय सदैव जारी रहन्छ र यदि पापी मुस्लिम छ भने त्यसको सजायमा पाप अनुसार घटथप हुने समेत त्यसको

सजायको अन्त पनि हुन्छ अर्थात त्यो आफ्नो पापको सजाय भोगेर स्वर्गमा अवश्य जान्छ ।
र जब मोमिन हुन्छ भने त्यस लाई आफ्नो कबरमा खुशी र शान्ति प्राप्त हुन्छ र उसको कबर फराकिलो र विशाल भई हाल्छ र त्यसमा उज्यालो हुन्छ अनि स्वर्गको ढोका खुलिरहेको हुन्छ जहाँ बाट राम्रो खुश्बु र सुगन्ध र हावा आईरहेको हुन्छ र त्यसको लागी स्वर्गको ओछ्यान हुन्छ र त्यसको पुण्य र राम्रो कर्महरु सुन्दर व्यक्तिको रुपमा आएर त्यसको स्वागत र सम्मान गरि सुश्री प्रदान गर्छ ।

## महाप्रलयको दिन र त्यसका चिन्हहरु

(१) अल्लाह तआलाले यस ब्रम्हाण्डलाई सदैव बाकी रहनको लागी बनाएको छैन बरु एउटा यस्तो दिन पनि आउने छ जुन दिन यो सबै संसारको अन्त भइहाल्छ त्यसै लाई कयामत अर्थात प्रलयको दिन भनिन्छ यो एउटा यस्तो वास्तविक कुरा हो जसमा कुनै पनि सन्देह र शंका छैन अल्लाह तआलाले भन्नु भएको छ, "कयामत त आउनेवाला नै छ यसमा सन्देह र शकांको कुनै कुरो छैन तर अधिक मान्छेहरु ईमान लाएका छैनन्" (गाफिर, ५९)
र अर्को ठाउँमा भन्नु भएको छ, "कि काफिहरुले भन्दछन कि हामी माथी कयामत आउँदैन तपाई भनिदिनुस कि मेरा पालनकर्ताको कसम कयामत तिमीहरु माथी अवश्य आउने छ" (सबअ,३)
प्रलय आउने दिनको ज्ञान चाँहि एउटा आन्तरिक ज्ञान र अदृशय को कुरा हो जसको बारेमा अल्लाह बाहेक अरु कसै लाई थाहा छैन अल्लाह तआलाले भन्नु भएको छ, "मनुष्यहरु तपाई संग कयामतको बारेमा सोधिरहेका छन भनिदिनुस कि त्यसको ज्ञान मात्र अल्लाहलाई छ तिमीलाईके थाहा सायद कयामत नजिकै आई पुगेको छ" (अलअहजाब ६३)

(२) महाप्रलय मात्र पापी अत्यचारी र काफिर मान्छेहरु माथी आउँछ किनभने प्रलय हुनु भन्दा पहिले अल्लाहले एउटा पवित्र हावा लाई पठाउनु हुन्छ जस कारण सबै मुस्लिमहरुको मृत्यु भई हाल्छ मात्र काफिर र नास्तिकहरु बाकी रहने छन फेरि जब अल्लाहले यस संसारलाई बिधवंस र अन्त गर्न चाहनु हुन्छ भने आफ्नो एउटा दूत इस्राफील अलैहिस्सलाम लाई सूरमा फुंक मारने आदेश दिनु हुन्छ सूर यो एउटा ठूलो नरसिंह हो जब मान्छेहरु यसको आवाज लाई सुन्ने छन भने मुर्छित भईहाल्छन् अल्लाह तआलाले भन्नु भएको छ, अर्थात "र जब सूर फुकिने छ तब जो आकाशमा छन र जो धर्तिमा छन सबै जना मुर्छित भई ढल्ने छन तर त्यो बाकी रहन्छ जसलाई अल्लाहले चाहन्छ" (अज्जुमुर, ६८)
जुन दिन प्रलय हुन्छ त्यो शुक्रवारको दिन हुन्छ अनि त्यस पछि सबै देवदूतहरुको पनि मृत्यु भइहाल्छ अनि अल्लाह बाहेक यस ब्रम्हाण्डमा कोही पनि जिवित बाकी रहने छैन ।
(३) मृत्यु पछि मनुष्यको सम्पूर्ण शरीर माटोमा मिश्रित भएर समाप्त भईहाल्छ मात्र कमरको तलको एउटा हाँड (tailbone) बाच्नेछ तर पैगम्बरहरुको शरीरलाई धरतीले खादैन् फेरि अल्लाहले आकाश बाट वर्षा गर्ने छ जस कारण सबै शरीरहरु आफ्नो आफ्नो रुपमा परिवर्तित भइहाल्छन् फेरि जब अल्लाहले सबै मनुष्यहरुलाई जिवित पार्न चाहनु हुन्छ भने सर्व प्रथम नरसिंहमा फुक्नुको लागी नियुक्त गरिएका फरिश्ता इस्राफील लाई जीवित पार्छन अनि उहाँले दोश्रो चोटि सूरमा फुंक्ने छन भने सबै मनुष्यहरु जिउँदो भईहाल्छन अनि आफ्नो कबर बाट यस्तै हालतमा निस्की रहेका हुन्छन जस्तै अल्लाहले उनीहरु लाई प्रथम चोटि बनाउनु भएको थियो भन्नाले नाँगो खाली खुट्टा बिना जुत्ता चप्पल र लिङ्गको अग्रभागको त्वचा न काटिएको (गैरमखतून) हालतमा जम्मा हुनेछन अल्लाह तआलाले भन्नु भएको छ, "जब

सूर फुकिन्छ तब सबै मान्छेहरु आफ्नो आफ्नो चिहान बाट निस्केर आफ्नो पालनकर्ता तिर दुगुर्ने छन (यासीन, ५१)
सबै भन्दा पहिले हाम्रा नबी मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको कबर च्यातिने छ अनि सबै भन्दा पहिले उहाँ निस्कनु हुन्छ फेरि त्यस पछि सबै मान्छेहरु महशर अर्थात एकत्रित हुने ठाउँतिर डोरयाउने र जम्मा हुने छन यो धेरै ठूलो र सर्वव्यापी ठाउँ हुन्छ र सूर्य धेरै नजिक भईहाल्छ सबै मान्छेहरु धेरै दिन सम्म हिसाब किताब लेखा जोखाको प्रतिक्षामा बसिरहेका हुन्छ फेरि अल्लाहले न्याय र फैसलाको आज्ञा दिनुहुन्छ ।
प्रलोकमा पुलसेरातको स्थापना हुन्छ त्यो केस भन्दा अधिक पातलो र तलवार भन्दा धेरै धारिलो पुल हुनेछ त्यस लाई नरक माथि स्थापना गरिन्छ र सबै मान्छेहरु त्यसलाई आफ्नो कर्म अनुसार पार गर्ने छन कुनै मान्छे आँखा झपकने जति समयमा पार भईहाल्छन र कोही हावा जस्तो पार भईहाल्छन र कोही स्वस्थ घोडा जस्तो र कुनै जना बिस्तारै बिस्तारै त्यसलाई पार गर्नेछन पुलको वरिपरि खुँटीहरु हुन्छन जसले नास्तिक र पापीहरुलाई तानेर नर्कमा झारि दिन्छन नास्तिकहरु सदैवका लागि नरकमा बस्ने छन र मोमिन पापीहरु जति खेरि सम्म अल्लाह चाहनुहुन्छ तिनीहरु आफ्नो पापको सजाय भोगेर स्वर्गमा प्रवेश गर्ने छन ।
जुन मानिसहरु पुललाई पार गरि सकेका हुन्छन अर्थात स्वर्गवासीहरु उनीहरु स्वर्ग र नरकको बीचमा एउटा सानो पुल हुन्छ त्यहाँ जम्मा हुन्छन र एक अर्काको बदला चुकाउने छन र हरेक अत्याचार अपराधको बदला चुकाए पछि र क्षमायाचना गरेर आफ्नो मन र आत्मालाई एकदम सफा र पवित्र गरेपछि मात्र स्र्वगमा प्रवेश गर्न सक्छन् ।

जब सबै फैसलाहरु समाप्त भइहाल्छन र स्वर्गवासीहरु स्वर्गमा र नरकबासीहरु नरकमा गईहाल्छन भने त्यस पछि मृत्युलाई एउटा बाखाको रुपमा ल्याइनेछ र स्वर्ग र नरकको बीचमा त्यसलाई काटीनेछ सबै मानिसहरु प्रत्यक्ष रुपले त्यसलाई हेर्ने छन फेरि यो गुहार लगाइनेछ हे स्वर्गवानहरु सदा सदाका लागी अब सवर्गमा बस्नु किनभने अब मृत्यु छैन र हे नरकबासीहरु सदा सदाका लागी नरकमा बस किनभने अब मृत्यु छैन त्यस बेलामा यदी मृत्यु सम्भव हुन्थ्यो भने सवर्गवासीहरु प्रसंन्ता र खुशीले र नरकबासीहरु दुख र शोकको कारण मरिहाल्थे

## नरक र त्यसको यातनाहरु

अल्लाह तआलाले भन्नु भएको छ, अर्थात "त्यस आगो संग डर गर जसको इन्धन मानिस र ढुङ्गाहरु रहेका छन जुन नास्तिकहरु को लागि तयार गरिएको छ"

रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ तिमीहरुको यो आगो जसलाई आदम अलैहिस्सलाम को सन्तानहरुले जलाइरहेका छन यो नरकको आगोको तापको सत्तर ७० भाग मध्ये मात्र एउटा भाग हो सहाबा ले सोधे या रसूलल्लाह जलाउनको लागि त यही आगो प्रयाप्त थियो त रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो कि त्यस आगोलाई यातना को लागी ६९ गुणा बढी तातो गरिएको छ र हरेक भागको गर्मी एकै जस्तो छ ।

नरकको सात वटा वर्गहरु छन र हरेक वर्गमा पहिलो वर्ग भन्दा बढी सजाय हुने छ र मनुष्यहरु आफ्नो पाप अनुसार नरकको वर्गमा हुन्छन, मुनाफिकहरु नरकको सबै भन्दा तल्लो भागमा हुन्छन जहाँ सबै भन्दा अधिक सजाय हुन्छ ।

नास्तिकहरुलाई नरकमा सदैव सजाय भईरहेको हुन्छ कहिल्यै पनि समाप्त हुदैन जब नरकको आगो बाट उनीहरुको छाला

जलि हाल्छ भने अल्लाहले दोश्रो छाला बनाइ दिने छ यस्तै नै सजाय कहिल्यै पनि समाप्त हुदैन अल्लाह तआलाले भन्नु भएको छ “जब तिनीहरुको छाला पोलिसक्ने छन भने हामीले अर्कै छाला फेर्ने छौ ताकि तिनीहरु सजायको स्वाद चाखीराखुन” ( अन्निसाअ, ५६)

र अर्को ठाउँमा भन्नु भएको छ कि “जुन मान्छेहरुले इन्कार गरे उनीहरुको लागि नरकको आगो छ नत उनीहरु लाई मृत्यु आउनेछ कि मरिहालुन नत सजाय हल्का र कम हुने छ हामीले हरेक काफीरलाई यस्तै सजाय दिनेछौ” (फातिर,३६)

प्रतिफलको दिनमा काफिरहरुलाई हतकडीमा कोचिन्छ र उनीहरुको घाँटीमा जन्जीर जकडीएको हुन्छ अल्लाह तआलाले भन्नु भएको छ कि, “तपाईले त्यसदिन पापीहरु लाई हेर्नु हुन्छ कि जन्जीरमा कोचिए र एकै ठाउँमा जकडीएका हुन्छन उनका वस्त्रहरु गन्धकका हुन्छन र उनीहरुको अनुहारलाई आगोले छोपेको हुन्छ , (इब्राहीम, ४९, ५०)

र नर्कवासीहरुको भोजन सिउँडीको वृक्ष हुन्छ, अल्लाह तआलाले भन्नु भएको छ, “निःसन्देह जक्कुम (सिउँडी) को वृक्ष पापीहरुको भोजन हुन्छ पग्लेको तमा जस्तो पेटमा उम्लेने छ जस्तो कि ( तातो) पानी उम्लीनछ” (अद्दुखान, ४३, ४४, ४५)

नरकको भयंकर सजाय र स्वर्गको महान उपकार र सुखलाई यस हदीसले प्रष्ट पार्छ जुन सही मुस्लिममा आएको छ कि रसूले अकरम सल्लल्लाहु अलैहि वसल्लम ले भन्नु भएको छ, “प्रतिफल को दिनमा एउटा नरकमा जाने व्यक्तिलाई लयाइन्छ जो कि संसारमा एकदम आनन्दित र खुशहाल थियो त्यसलाई मात्र एक चोटी आगोमा डुबाएर बाहिर निकालिन्छ अनि भनिन्छ कि हे आदमको सन्तान के तिमीले कहिले खुशी पाएको थियो ? के तिमी लाई कहिले आनन्द र आराम प्राप्त भएको थियो ? त्यसले जवाफ दिनेछ हे मेरो पालनकर्ता तपाईको कसम मलाई कहिल्यै

पनि खुशी प्राप्त भएको थिएन, त्यसैगरि एउटा स्वर्गमा जाने व्यक्तीलाई प्रस्तुत गरिन्छ जो कि संसारमा सबै भन्दा गरिब र समस्याग्रस्त थियो अनि त्यसलाई स्वर्गमा एक चोटी हालेर निकालिन्छ अनि भनिन्छ कि हे आदमको सन्तान के तिमीलाई कहिले दुख प्राप्त भएको थियो के तिमीले कहिले समस्या र गरिबी हेरेको थियो त्यसले भन्छ कि हे मेरो पालनकर्ता तपाईको कसम मैले कहिल्यै पनि गरिबी र दुख हेरेको छैन ।
नास्तिकहरु मात्र एक चोटि आगोमा गएर संसारको सबै खुशी र शान्ति बिर्सी हाल्छन अनि ईमानवालाहरु स्वर्गमा मात्र एक चोटि गएर संसारमा पाएको सबै कष्ट, दुख, पिडा र गरिबीहरु बिर्सी हाल्छन् ।

## स्वर्ग र त्यसमा रहेका अनुकम्पाहरु

स्वर्ग विशिष्ट मर्यादित र सम्मानको घर हो र सधैंका लागी बस्ने ठाउँ हो अल्लाह तआलाले त्यसलाई आफ्नो सदाचारी भक्तहरुको लागी बनाउनु भएको छ त्यसमा यस्तो यस्तो अनुकम्पा र उपहारहरु छन जसलाई कुनै आँखाले हेरेको छैन नत्र कुनै कानले सुनेको छ नत्र कुनै मनुष्यले त्यसको कल्पना पनि गरेको छ अल्लाह तआलाले भन्नु भएको छ “कुनै पनि मनुष्यलाई थाहा छैन जुन उनीहरुको निम्ति उनको आखाँको शितलता लुकाएर राखिएको छ यो उनीहरुको सत्कर्महरुको पुरस्कार हुन्छ” (अस्सजदा,१७)
स्वर्गमा विभिन्न दर्जाहरु छन र मुस्लिमहरु आफ्नो कर्म अनुसार यो दर्जा पाउनेछन अल्लाह तआलाले भन्नु भएको छ, “तिमीहरु मध्ये जुन मानिसहरुले ईमान लाएका छन र जुन मनुष्यहरुलाई ज्ञान प्रदान गरिएको छ अल्लाहले उनीहरुको दर्जा र ओहदालाई उच्च र महान गर्ने छौं” (अलमुजादिलह, ११)

स्वर्गवासीहरु स्वर्गमा जे जे खाने र पिउने र जुन कुराको इच्छा गर्छन ती सबै तिनीहरु लाई प्राप्त हुन्छ स्वर्गमा यस्तो नहरहरु हुनेछन जसको पानी प्रदुषित हुदैन् र दुधको यस्तो नहरहरु हुनेछन जसको स्वादमा अलिकती पनि अन्तर र फरक परेको हुदैन् र शुद्ध मधुको पनि नहरहरु हुनेछन र यस्तो मदिरा पदार्थका नहरहरु हुनेछन् जसबाट पिउनेहरुलाई अत्यन्त आनन्द प्राप्त हुन्छ त्यहाँको मदिरा यस संसारको मदिरा जस्तो हुदैन अल्लाह तआलाले भन्नु भएको छ "उनीहरुको माझमा शुद्ध पेयको जल घुमाइने छ जुन कि सफा र पिउने हरुको लागि सर्वथा सुस्वादक हुनेछ नत त्यसबाट टाउको दुख्नेछ र न त्यसबाट मानिसहरु नशामा बहकने छन्, (अस्साफ्फात ४५,४६,४७,)

अनि स्वर्गवासीहरुले ठूला ठूला आँखा भएकी अप्सरा (हूरहरु) संग बिहे गर्ने छन र यि अप्सरा र परीहरु स्वर्गवासीहरुको श्रीमती र दासी हुनेछिन् रसूले अकरम सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ कि "यदि स्वर्गको कुनै महीलाको एउटा झलक यस संसारमा पर्छ भने सबै संसार प्रकाशित र उज्जयालो भई हाल्छ र कस्तुरीको खुश्बु बाट भरीहाल्छ" ।

र स्र्वगको सबै भन्दा ठूलो जुन उपहार हुनेछ त्यो अल्लाह तआलाको प्रत्यक्ष रुपले साक्षात दर्शन हो, मोमिनहरु आफ्नो पालनकर्तालाई साक्षात हेर्नेछन अनि कुराकानी पनि गर्ने छन स्वर्गवासीहरु लाई दिशा पिशाब लाग्दैन नत उनीहरुलाई कफ र खेखार आउने छ तिनीहरुको काईयो सुनको हुन्छ र उनीहरुको पसिना र शरीरको गंध कस्तुरी जस्तो हुन्छ र यि सबै अनुकम्पा र उपहारहरु सदैव सदैवको लागी हुनेछन कहिल्यै पनि समाप्त हुदैनन् र यसमा केही कमी पनि हुदैन रसूले अकरम सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ जुन मानिसले पनि स्र्वगमा प्रवेश गर्छ त्यो आनन्दीत र पुरस्कृत हुनेछ त्यसलाई कुनैपनि

कुराको आवश्यक्ता पर्दैन त्यसमा त्यसको लुगा पनि पुरानो हुदैन र त्यसको जवानी पनि समाप्त हुदैन ।
स्वर्गमा रहेको सबैभन्दा कम दर्जाको मान्छे जो कि एउटा मोमिन हुन्छ अनि एकदम अंतिममा नरकबाट निस्केर स्वर्गमा प्रवेश गर्छ त्यसको हक र अधिकारमा आउने उपहारहरु यस संसार भन्दा दस गुना ठूलो र उत्तम हुनेछन्

## इस्लाम धर्ममा महिलाको स्थान

इस्लाम धर्ममा नारीको हक अधिकार बारे चर्चा गर्नु भन्दा पहिले यो कुरा स्पष्ट गर्नु आवश्यक छ कि अरु समाजमा महिलालाई कुन दृष्टिकोणले देखिन्थ्यो र ती सबै धर्ममा महिलासंग कसतो सम्बन्ध र व्यवहार गरिन्थ्यो, युनानमा महिलाको खरिद बिक्री भईरहेको थियो र उसको कुनै पनि हक अधिकार थिएन बरु सबै अधिकारहरु मात्र पुरुषहरुले पाउने गर्थे महिलाहरुलाई नत उत्तराधिकार र पैतृकको हक प्राप्त हुन्थ्यो नत धन सम्पति बाट कुनै प्रकारको खर्च गर्ने हक थियो तिनीहरुको एउटा प्रसिद्ध फलास्फी **सकरात** ले भन्नु भएको छ कि नारी को अस्तित्व र उपस्तिथी नै संसारको क्षतिग्रस्ती र बर्बादीको सबै भन्दा मुख्य कारण हो महिला भनेको विषको यस्तो रुख हो जुन बाहिर बाट एकदम सुन्दर देखिन्छ तर जब चराहरु त्यसलाई खान्छन् भने तुरन्तै मरिहाल्छन् ।
र रोमानको यो विचार थियो कि नारीमा प्राण हुदैन र उनीहरु कहाँ नत महिलाको कुनै मुल्य थियो नत कुनै हक अधिकार उनीहरुको नारा यही थियो कि नारीमा प्राण हुदैन त्यसैले उनीहरुले महिलाको शरीर माथी तातो तेल हालेर र खम्बामा बाँधेर यातना र सजाय दिन्थे बरु उनीहरु निर्दोष महिलालाई घोडाको पुच्छरमा बाँधेर घोडालाई खुब तेज दगुराउँथे यहाँ सम्म कि त्यसको मृत्यु भइहाल्थ्यो ।

हिन्दु धर्ममा पनि नारी लाई यस्तै दृष्टिकोणले देखिन्थ्यो बरु उनीहरु यस भन्दा पनि अघि थिए हिन्दु धर्ममा जब पतिको मृत्यु भईहाल्थ्यो भने उनीहरु त्यसको साथमा त्यसको पत्नीलाई पनि सत्ती दिइहाल्थे अर्थात आगोमा जिउँदो जलाइ दिन्थे ।
चीनवासीहरु त महिलालाई यस्तो दुखदाई पानी जसतो भन्ने गर्थे जसले खुशी र सम्पति सबै लाई बगाएर नष्ट पारी दिन्छ चाइनाको हरेक मान्छेले आफ्नो श्रीमतीलाई खरीद बिक्री गर्ने र धर्तीमा जिउँदो गाडने सम्पूर्ण हक प्राप्त थियो त्यसमा कुनै पनि रोक टोक थिएन ।
यहुदीहरुले महिलालाई तिरस्कृत र श्राप मान्ने गर्थे किनभने उसैको कारण आदम अलैहिस्सलाम बाटोबाट बिचलीत भए अनि रुखको फल खाए र स्वर्गबाट धर्तीमा आइपुगे, र मासिक धर्मको बेलामा त्यसलाई अपवित्र भन्ने गर्थे अनि त्यसले छोएको हरेक कुरा लाई अपवित्र मान्ने गर्थे अनि त्यसलाई टाढा राख्थे र भाई भएको बेलामा बाबुको सम्पतिमा नारीलाई कुनै पनि अधिकार थिएन ।
र इसाईहरु त नारीलाई शैतान र राक्षस भन्ने गर्थे एउटा मसीही पादरीले त यो भनेको छ कि नारीलाई मानवजाति बाट कुनै सम्बन्ध छैन र ईसाइहरुको एउटा धर्मगुरु **बोनाविन्टर** ले भनेको छ कि यदी तिमीहरुले कुनै महिलालाई हेर भने यो न बुझ्‍ कि तिमीले कुनै मानवजातिलाई हेरेका छ नत्र कुनै जनावरलाई हेरेका छौ बरु तिमीहरुले त एउटा शैतानलाई देखिरहेका छौ र जुनकुरा त्यसको मुख बाट सुनिरहेका छौ त्यो सर्पको सुस्कारी हो ।
अंग्रेजी कानुन बमोजिम बिगत आधा शताब्दि सम्म जनगणनामा महिलाको कुनै गिन्ती नै थिएन नत महिलाको कुनै व्यक्तिगत हक र अधिकार थियो यहाँ सम्म कि आफु लगाउने लुगामा पनि तिनीहरुको केही पनि अधिकार थिएन ।

१५६७ ई.स. मा स्काटलैण्डको संसदले यो बिधान पारित गर्यो कि महिलालाई कुनै पनि कुरामा हक र अधिकार मिल्दैन त्यसैगरि अंग्रेजी संसदले आठौ हेनरीको समयमा महिलाहरु लाई बाईबल पढ्नुमा रोक लगाएको थियो किनभने महिला अपवित्र व्यक्ति हुन र फरानसिसहरुले ५८६ ई.स. मा एउटा सभा गरे अनि त्यसमा यो छलफल गरे कि के महिलाहरु मानवजाति हुन, र यो निर्णय गरे कि महिला जाति मानवको रुप त हुन तर मात्र पुरुषहरुको सेवाको लागी यिनीहरुको जन्म भएको छ अंग्रेजी संबिधान बमोजिम १८०५ ई.स. श्रीमानहरुलाई यो अधिकार प्राप्त थियो कि उनीहरु आफ्नो श्रीमतीको खरीद बिक्री गरुन र पत्निको बिक्री मुल्य चांही ६ पेन्स तोकिएको थियो ।

र अरबमा पनि इस्लाम भन्दा पहिले महिलाहरुको कुनै हैसियत थिएन तिनीहरु एकदमै तुच्क्ष थिइन नत उत्तराधिकारी हुन्थीइन् नत कुनै अधिकार प्राप्त हुन्थ्यो बरु धेरै व्यक्तिहरु यस्तो पनि थिए कि आफ्नो छोरीलाई जिउँदो धर्तीमा गाड्ने गर्थे ।

त्यसपछि इस्लाम आयो अनि महिलाहरु माथी भईरहेको यि सबै अत्याचारहरु लाई स्माप्त गरि दियो अनि यो घोषणा गर्यो कि महिला र पुरुष सबैजना एक समान छन महिलालाई पनि हक र अधिकार प्राप्त हुन्छ जस्तै पुरुषलाई अधिकार हुन्छ जस्ता कि अल्लाहले भन्नु भएको छ, अर्थात "हे मानिसहरु हामीले तिमीहरुलाई एउटा पुरुष र एउटी स्त्री बाट सृष्टि गर्यौं र तिमीहरुलाई जात बिरादरी र समुहहरुको रुप दिएको छुँ ताकि तिमीहरु एक अर्कालाई चिन्न सक वास्तवमा अल्लाह कहाँ तिमीहरु मध्ये सर्वाधिक प्रतिष्ठित त्यो हुन्छ जो अनुचित कर्मबाट धेरै भय गर्नेवाला हुन्छ निश्चय नै अल्लाह सबै कुरा जान्दै रहेका छन् र उनी सर्वज्ञ छन" (अलहुजरात, १३)

अर्को ठाँउमा भन्नु भएको छ, जसले पनि सत्कर्म गर्छ चाहे त्यो पुरुष होस वा महिला अनि त्यो मोमिन पनि रहेको छ भने

त्यसले स्वर्गमा निश्चय रुपले प्रवेश पाउने छ अनि त्यसमाथि खजुरको बिउको फाँक बराबर पनि अन्याय गरिने छैन (अन्निसाअ, १२४) र यो पनि भन्नु भएको छ हामीले हरेक मानिसलाई आफ्नो आमा बाबु संग राम्रो व्यवहार गर्ने आदेश दिएका छौं (अल अन्कबुत, ८)

र रसूले अकरम सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ मोमिनहरु मध्ये सबै भन्दा पूर्ण इमानवाला त्यो हुन्छ जसको चरित्र र बानी राम्रो हुन्छ र सबै भन्दा राम्रो आचरण वाला त्यो हुन्छ जो आफ्नो धर्मपत्निको नजिक राम्रो हुन्छ

एउटा सहाबी रजियल्लाहु अन्हुले रसूले अकरम सल्लल्लाहु अलैहि वसल्लमसंग सोध्नु भयो कि मेरो सेवाको सबै भन्दा अधिक हकदार को हो अर्थात मलाई सबै भन्दा धेरै कसको सेवा गर्नु पर्छ त रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो कि ,तिम्रो आमा, फेरि उँहाले सोध्नु भयो त्यसपछि ? रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो ,तिम्रो आमा, उँहाले सोध्नु भयो फेरि त्यसपछि ? रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो तिम्रो आमा, उँहाले फेरि सोध्नु भयो त्यस पछि ? रसूले अकरम सल्लल्लाहु अलैहि वसल्लम ले भन्नु भयो कि तिम्रो बुवा

छोटकरीमा यो हो इस्लामको महिला प्रति मन्तब्य र दृष्टिकोण

## महिलाको साधारण अधिकार

इस्लाम धर्मले महिलाहरु लाई थुप्रै हक र अधिकार दिएको छ ति मध्ये केही अधिकारहरु निम्न छन् ।

(१) मालिक हुने अधिकार, महिला आफ्नो इच्छा अनुसार जुनसुकै वस्तुको मालिक हुन सक्छिन जस्तै घर, जग्गा, उद्योग, बगैचा, सुन, चाँदी, र अनेकौ प्रकारको जनावरहरु चाहे महिला आमाको रुपमा होस वा पत्निको रुपमा वा छोरीको रुपमा वा बहिनीको रुपमा,

(२) विवाहको हक र आफ्नो श्रीमान छनौट गर्ने हक र दुख पाउने अवस्थामा खुलअ र तलाक अर्थात छुट्टा छुट्टै गर्ने हक यी सबै अधिकारहरु महिलाले पाउने गर्छिन ।
(३) सबै अनिवार्य कुराको शिक्षा र तालीम : रसूले अकरम सल्लल्लाहु अलैहि वसल्लमले पुरुष र महिला दुबैलाई सम्बोधित गर्दै भन्नु भएको छ कि हरेक मुस्लिम व्यक्ति माथि शिक्षा प्राप्त गर्नु अनिवार्य गरिएको छ ।
(४) इच्छा अनुसार आफ्नो सम्पतिबाट दान गर्ने अधिकार त्यसैगरि आफुमाथि र आफ्नो पति र आमा बाबु र सबै सन्तानहरु माथी खर्च गर्न पाइने अधिकार तर फिजुल खर्चा गर्न मिल्दैन ।
(५) आफ्नो जीवनमा आफ्नो सम्पतिबाट एक तिहाइ धन वसियत अर्थात उत्तरदान गर्ने अधिकार र मृत्यु पछि बिना रोक टोक त्यो वसियत लागु हुने किनभने वसियत साधारण निजी अधिकार हो यसमा पुरुष र महिलाहरु सबै एक समान हुन्छन यस शर्तको साथमा कि त्यो वसियत तेहाइ भन्दा अधिक न होस् ।

(६) आफ्नो इच्छा अनुसार लुगा लगाउने अधिकार एउटी महिला आफ्नो इच्छा अनुसार सबै लुगा र गहनाहरु लगाउन सक्छिन चाहे त्यो रेशमको होस वा सुनको होस तर रेशम र सुन पुरुषहरु माथी अवैध गरिएको छ तर पोशाक यस शर्तको साथमा लगाउनु पर्छ कि त्यो श्रींगारको प्रदर्शनको लागि न होस वा यस्तो लुगा नहोस जसबाट शरीर नांगो रहोस ।
(७) आफ्नो श्रीमानको लागि सर श्रींगार गर्ने अधिकार र हरेक आकर्षण लुगा लगाउने अधिकार प्राप्त छ ।
(८) खानपानको अधिकार तसर्थ हरेक खानेकुरा मिठो गुलियो खाने र पिउनेमा पुरुष र महिला दुबै जना एक समान छन खानपानमा तिनीहरुको बीचमा केही फरक र कुनै पनि भेदभाव

छैन र जुन खाने कुराहरु पुरुषहरु माथि अवैध र निषेध गरिएको छ त्यहि सबै वस्तु महिलाहरु माथि पनि निषेध गरिएको छ अल्लाह तआलाले भन्नु भएको छ, “र प्रयाप्त सबै जायज वस्तु खाने पिउने गर र फिजुल खर्ची न गर किन भने अल्लाहले फिजुल खर्ची गर्नेवालालाई कहिल्यै पनि मन पराउँदैन” (अलआअराफ, ३१) यो अल्लाहको तर्फ बाट एउटा साधारण घोसणा हो जसमा नर र नारी दुबै जना सामिल छन् ।

(१०) उत्तराधिकारको हक अर्थात आमा बुवाको सम्पति र हरेक वस्तुमा अंश र हिस्सा पाउने अधिकार ।

## श्रीमान माथि श्रीमतीको अधिकार

पत्नीको केही अनिवार्य अधिकारहरु त्यसको पति माथी हुन्छ र त्यसैगरि पतिको पनि आफ्नो पत्नी माथि केही हक र अधिकार हुन्छ तर अहिले मैले पत्निको केही अनिवार्य अधिकारको व्याख्या गर्न चाहन्छु अल्लाह तआलाले भन्नु भएको छ कि, “पत्नीको अधिकार पति माथि उस्तै छ जस्तो पतिको अधिकार पत्नी माथि छ ,(अलबकराह, २२८)।

तसर्थ अनिवार्य रुपले स्वास्नीको पूर्ण हक र अधिकारहरु दिनु पर्छ तर यदि स्वास्नीले आफ्नो इच्छा अनुसार आफ्नो कुनै हक माफ पनि गर्न सकिने छिन।

१ - दुखः र सुखः हरेक अवस्थामा आफ्नो परिस्थिती अनुसार श्रीमती माथि खर्च गर्नु, अर्थात लुगा, खाना, पानी, औषधि, उपचार र घरको व्यवस्था मिलाउनु ।

२ - पत्नीको इज्जत, शरीर, धनसम्पत्ति, र धर्मको रक्षा गर्नु ।

३ - धर्मको जरुरी कुराहरुको शिक्षा प्रदान गर्नु यदि आफु दिन सक्दैन भने आवशयक्ता अनुसार मस्जिद, विद्यालय, र महिलाहरुको बैठकमा उपस्थित भएर शिक्षा प्राप्त गर्नको अनुमति दिनु,

४ - पत्नी सँग राम्रो व्यवहार गर्नु अल्लाह तआलाको भनाइ छः अर्थात "उनीहरु सँग राम्रो व्यवहार गर" (अन्निसाअ, १९)।
राम्रो व्यवहार मध्ये यो हो कि यौनसम्पर्कमा उसको हक न मार्नु, गाली गरि उसलाई दुखी नगर्नु, र उसको अपमान नगर्नु, त्यस्तै राम्रो व्यवहार मध्ये यो पनि हो कि आफ्नो नातेदारहरु सित भेँटघाँटमा उसमाथि प्रतिबन्ध नलगाउनु, यदि कुनै प्रकारको खतरा छैन भने, र नगर्न सकिने काम त्यसलाई नसोम्पिनु, कुराकानी र काम काजमा ऊ सँग राम्रो व्यवहार गर्नु, रसूल ﷺले भन्नु भयो कि "तिमीहरु मध्ये सबभन्दा राम्रो व्यक्ति त्यो हो जुन् आफ्नो परिवारको लागि राम्रो छ, र म आफ्नो परिवारको लागि तिमीहरु मध्ये सबभन्दा उत्तम छु"

## पर्दा

इस्लामले परिवारलाई टूटफूट र क्षतिग्रस्तहुन बाट बचाउने प्रयास गरेको छ र त्यसलाई उच्च चरित्र, राम्रो स्वभाव र नितीशास्त्रहरुको ठोस घेरा दिएको छ, ताकि सबैको मन् र आत्मा शान्त र सुरक्षित रहोस, र समाज सफा रहोस, समाजमा अशलिलता नफैलोस, कामवासनाको मौका नहोस, यस कारण अशलिलता र दुष्टता फैलाउने कार्यहरु माथि प्रतिबन्ध लगाएको छ, महिला र पुरुष सबैलाई आफ्नो  दृष्टि तल राख्ने आदेश दिएको छ ।
अल्लाहले पर्दाको नियम महिलाको सम्मान र प्रतिष्ठाको लागि लगाउनु भएको छ, इज्जतको सुरक्षा र अपमानबाट बचाउनको लागि, पापी र दुष्ट आत्माको व्यक्तिबाट टाँढा राख्नको लागि, अशलिलताको बाटो बन्द गर्नको लागि, जुन् आँखाको कारण फैलिन्छ, र महिलाको आत्मसम्मान र पवित्रतालाई इज्जत र प्रतिष्ठाको च्यादरमा ढाँकनको लागि लगाएको छ ।

इस्लामले पर्दाको नियम लगाएर महिलाहरुका लागि सुखद र शान्त जीवनको व्यवस्था गरेको छ, एउटी महिला जब युवती हुन्छि भने उसको सुन्दर्तामा पनि निखार आउँछ यस्तो अवस्थामा जब लोग्ने मान्छेहरुले घर बाहिर बाटोमा सुन्दर युवतीहरुलाई हेर्छन भने आफ्नो पत्नीलाई ती युवतीहरुसित तुलना गर्न थाल्छन जस कारण घर तथा परिवार बर्बाद भइहाल्छ ।

# विवाह

बहुविवाहको चलन मनुष्यको प्रारम्भ काल देखि नै चल्दै आइरहेको छ, पछिल्लो धर्महरुमा, प्राचीन सांसकृतीहरुमा, यहुदी र कृश्चनहरुमा, चीन र भारत समेत अनेकौ समाजमा यस्तो चलन देखिएको छ ।

बरु पहिला पहिला त यस्तो हुन्थ्यो कि बहुविवाहको कुनै अन्त नै थिएन, एउटा पुरुषले जति चाहन्थ्यो त्यति बिहे गर्थ्यो र यस प्रकार महिलाहरु माथि निकै अत्याचार भइरहेको थियो, तर इस्लामले यस अत्याचार प्रति रोक लगायो, बहुविवाहलाई नियमित गरेर चारमा सिमित गरि दियो ।

चार विवाहको अनुमति दिंदा इस्लामले यो शर्त राखेको छ कि स्वासनीहरु बीच न्याय गर्नु पर्छ र हरेकको हक र अधिकार पूर्णरुपले अदा गर्नु पर्छ र जसले यस शर्तलाई पुरा गर्दैन भने त्यसको लागि कठिन सजायको चेतावनी पनि दिइएको छ ।

फेरि यहाँ एउटा कुरा यो पनि छ कि कहिले बहुविवाहको अवश्यक्ता पनि हुन्छ जस्तो कि यदि कसैको पत्नी बाँझो अथवा रोगी छे भने यस्तो अवस्थामा तलाक दिनु उचित छ कि अर्को बिहे गर्नु उचित छ ?

एक भन्दा अधिक विवाह कहिले समाजको लागि पनि लाभदायक हुनसक्छ जस्तो कि युद्धको कारण अथवा अरु कुनै कारणले यदि

महिलाको संख्यामा बृद्धि भएको छ भने यस्तो अवस्तामा तिनीहरु संग विवाह समाजको हितमा नै हुन्छ, जस्तो कि मात्र पहिलो विश्व युद्धका कारण युरोपमा २५ मिल्यन महिलाहरु विधवा भएकी थिइन्, अब ती महिलाहरुको लागि विधवा भएर श्रीमानको बिना जीवन बिताउनु उचित छ कि अर्को बिहे गर्नु उचित छ ? बरु दोश्रो विश्व युद्ध पछि १९४५ ई. स. मा जरमनको महिलाहरुले स्वयं बहुविवाहको अनुमति दिनका लागि आन्दोलन गरेकी थिईन ताकि महिलाहरु वेश्याको धन्धामा प्रवेश नगरिहालुन् ।

## इस्लाम धर्मले हामीहरु संग के चाहन्छ ?

इस्लाम धर्मले कहिल्यै पनि मुस्लिमहरु लाई यो आदेश दिएको छैन कि समाजिक जीवनलाई सम्पूर्ण तरिकाले त्याग गर, त्यससित कुनै प्रकारको वास्ता नराख, र यो पनि आदेश दिएको छैन कि संधै मस्जिदमा नै बस्ने गर र गुफाहरुमा गएर आफ्नो जीवनलाई सिमित गरिहाल, बरु इस्लामले यो आदेश दिएको छ कि सांसकृतिमा, धन् सम्पत्तिमा र ज्ञान तथा शिक्षामा सबभन्दा महान र ठुलो स्थान प्राप्त गर, खेलकुद र खानपान जस्तो शारिरिक हक पुरा गर, हराम कार्यहरु बाहेक अन्य हरेक तरिकाले आत्मा र मन्को मनोरन्जन गर, परिवारसंग राम्रो व्यवहार गर, छोरा छोरीलाई शिक्षा प्रदान गर, समाजको हित र बिकासको लागि काम गर, र आफ्नो अल्लाहलाई राम्रो संग पहिचान गरी उहाँकै पूजा र भक्ति गर ।

इस्लामले यो शिक्षा दिएको छ कि मात्र एक अल्लाह नै संसारको मालिक हुन् उँहाले आफ्नो इच्छा अनुसार जे चाहनु हुन्छ गर्नु हुन्छ, जीवन र मृत्यु सबै उँहाकै हातमा छ, के कोहि आफ्नो मृत्युलाई रोकेर संधैको लागि जीवित रहन सक्छ ? रोग र स्वास्थ पनि उँहाकै हातमा छ, त जसलाई अल्लाहले अस्वस्थ गर्न चाहनु

हुन्छन् भने के कोहि उसलाई स्वास्थ प्रदान गर्न सक्छ ? धनवान र गरीब उँहाले नै बनाउनु हुन्छ, पहिरो र अनिकाल उनीकै आज्ञाले हुन्छ, प्रत्येक साल कुनै ठाउँमा बाढी हुन्छ त कुनै ठाउँमा अनिकाल सबै उहाँकै चाहना अनुसार हुन्छ ।
त्यो को हुन जसले कसैलाई यति पानी दिनु हुन्छ कि छति भइहाल्छ र कसैलाई यति कम दिनु हुन्छ कि खाँचो भइहाल्छ ? त्यो को हुन जसले कसैलाई छोरा प्रदान गर्नु हुन्छ त कसैलाई छोरी र कसैलाई बाँझो बनाउँछन् ? के जसलाई छोरी प्रदान भएको छ त्यो आफ्नो छोरीलाई छोरा बनाउन सक्छ ? के जुन् बाँझो छ त्यो आफ्नो बाँझपनलाई हटाउन सक्छ ?
यो मात्र अल्लाहको महिमा हो कि जसलाई चाहनु हुन्छ बाल्यकालमा मृत्यु दिनु हुन्छ र जसलाई चाहनु हुन्छ बृद्ध अवस्था सम्म जिवीत राख्नु हुन्छ, कुनै क्षेत्रमा हिँउ बर्षाउँछन् त कुनै क्षेत्रमा गर्मीको हुरी पठाउँछन् र अन्य कुनै क्षेत्रमा भूकम्प, हामी यो सबै हेरिरहेका छौं तर कुनै मनुष्यमा यसलाई रोक्ने क्षमता हुँदैन, यसै कारण अधिक संख्यामा मानिसहरुको यो आस्था छ कि अल्लाह नै संसारको मालिक हुन र संसारमा जे पनि भइरहेकोछ सबै उँहाको आज्ञा र अनुमतिले मात्र भइरहेकोछ, तर के मात्र यति मानेर कोहि मुस्लिम हुनसक्छ ?
होइन, बरु यो अवश्य मान्नु पर्छ कि अल्लाह बाहेक कोहि पूज्य छैन, र यदि तपाईले मानिसक्नु भएको छ कि अल्लाह छन र उँहानै सम्पूर्ण ब्रहमाण्डको पालनकर्ता र मालिक हुन् भने उहाँ बाहेक अन्य कसैको लागि कुनै प्रकारको पूजा नगर्नु, यही नै इस्लाम हो ।
सम्पूर्ण ब्रहमाण्डको पालनकर्ता अल्लाहलाई मान्नु र यो मान्नु कि अल्लाह नै संसारको मालिक हुनुहुन्छ भने यो एउटा हार्दिक कार्य र मनुष्यको आस्था हो, तर उहाँलाई अल्लाह र पूज्य मान्नु मात्र एउटा आस्था होइन बरु मनुष्यको कर्म र संस्कार तथा

पूजा उपासनाको प्रेरणा पनि हो, यदि कोहि अल्लाहको पूजा गर्दैन अथवा उहाँ सँग अन्य कसैलाई साझेदार बनाउँछ भने यस्तो व्यक्ति मुस्लिम हुँदैन ।

जसको हृदय भित्र यो विश्वास छ कि लाभ तथा क्षति जे पनि हुन्छ त्यो मात्र अल्लाहको तर्फबाट हुन्छ, हलाल र हरामको अधिकार पनि मात्र अल्लाहको छ र प्रेम डर तथा अनुसरण पनि मात्र अल्लाहको लागि छ यस प्रकारको हृदयमा अल्लाहको आदर र सम्मान कायम भइहाल्छ र (अल्लाहु अक्बर) को शब्दको अर्थ पाइहाल्छ, फेरि अल्लाहको अतिरिक्त हरेक कुरा उसको नजरमा सानो भइहाल्छ ।

पूजा उपासनाको जति पनि प्रकृयाहरु छन् सबैमा पूज्य प्रति आदर र सम्मानको संकेत दिइएको छ जसतो कि दुआ, नमाज, रुकूअ, सजदा, ढोग, प्रतिज्ञा, बली र अल्लाहको पवित्रता तथा महान्ताको शब्द यी सबै कार्यहरु एउटा मोमिनले मात्र अल्लाहको लागि गर्छ, तसर्थ उहाँ बाहेक अरु कसैको लागि नमाज पढ्दैन, रुकूअ र सज्दा पनि उहाँ बाहेक अरु कसैको लागि गर्दैन, उहाँ बाहेक अरु कसैलाई सुब्हान (अल्लाह पवित्र छन) भन्नु हुँदैन र उहाँ बाहेक अरु कसैसित क्षमायाचना पनि गर्नु हुँदैन, किन भने यी सबै कुराहरु एउटा यस्तो आदर र सम्मानको प्रतिरुपहरु हुन् जुन् मात्र पूजा उपासनामा हुन्छन् ।

## मुस्लिम भए पछि गरेको सबै पापहरु समाप्त भईहाल्छन

अल्लाहले आफ्नो दया र कृपाले इस्लाममा यो विशेष गुण राख्नु भएको छ कि यदि कुनै व्यक्तिले इस्लाम स्वीकार गर्छ भने उसको पहिला गरेको सम्पूर्ण पापहरु माफ भइहाल्छन, नास्तिक भएर उसले जे पनि पाप र अपराध गरेको थियो अल्लाहले ती सबैलाई क्षमा गरेर मान्छेलाई पवित्र र शुद्ध बनाइदिनु हुन्छ ।

यदि हराम तरिकाले माल कमाएर कुनै व्यक्ति इस्लाममा प्रवेश गरेको छ भने त्यहि माल अब हलाल भइहाल्छन, त्यसलाई राख्नु अथवा दान गर्नु अथवा शादी बिवाहमा खर्च गर्नु, सबै जायज भइ हाल्छ र त्यसमा कुनै प्रकारको पाप हुदैन, अल्लाह तआलाले भन्नु भयो : अर्थात "तपाइले यिनी हरुसित भनिदिनुस कि यदि उनीहरुले आफ्नो कियाकलाप त्यागीदिन्छन् भने उनीहरुका पहिलाका पापहरु क्षमा भइहाल्छन" (अल अन्फाल, ३८)

यदि कसैको माल लुटेको छ भने त्यो फिर्ता गर्नै पर्छ तर यदि मुस्लिम हुनु भन्दा पहिले ब्याज अथवा मादक पदार्थ जस्ता कारोबारहरु द्वारा हरेक पक्षको स्वीकृतिले माल कमाएको छ भने मुस्लिम भएपछि त्यहि माल हलाल घोषित हुन्छ ।

चाहे जति पनि पाप होस तर क्षमा याचनाको ढोका इस्लाममा संधै खुलेको हुन्छ र मनुष्यलाई संधै यसको खाँचो हुन्छ किनभने मनुष्य हो भने पाप पनि अवश्य हुन्छ तर सबभन्दा महान व्यक्ति त्यो हो जुन् अल्लाहको समक्ष आफ्नो गलतीलाई स्वीका गरेर क्षमा याचना गर्छ, अल्लाह तआलाले भन्नु भयो: "मेरो तर्फबाट भनि दिनुस् कि हे मेरो भक्तहरु ! जसले आफुमाथि अतिकमण गरेका छन्, तिमी अल्लाहको दयाबाट निराश नहोऊ, निःसन्देह अल्लाहले सारा पापहरुलाई क्षमा गरिदिनु हुन्छ, निश्चय नै ऊ बडो क्षमाशील र अत्यन्त दयावान छन्" (अज्जुमुर, ५३)

## इस्लाम धर्ममा कसरी प्रवेश गर्ने ?

अब तपाईलाई इस्लामको महान्ता र प्रधान्ताको बिषयमा ज्ञान भइसकेको छ र यो पनि थाहा भइसकेको छ कि अल्लाह समक्ष मात्र यहि मुक्तिको बाटो हो र यसलाई स्वीकार गर्नु हरेक व्यक्तिको कर्तव्य हो र प्रलोकमा नर्कबाट मुक्ति प्राप्त गरेर स्वर्गमा प्रवेश गर्नुको यहि एउटा मात्र बाटो हो भने तपाईले अवश्य यसमा प्रवेश गर्नुको तरिका सोध्नु हुन्छ, तपाईको

प्रश्नको उत्तर यो हो कि इस्लाममा प्रवेश गर्नको लागि मात्र यति नै प्रयाप्त हुन्छ कि:

तपाई यो विश्वास राख्नु कि अल्लाह बाहेक कोहि पूज्य छैन र मुहम्मदﷺ अल्लाहको सन्देष्टा र रसूल हुनुहुन्छ र यसलाई आफ्नो मुखले पनि भन्नु र त्यस पछि इस्लामको ज्ञान प्राप्त गर्नमा जुटि हाल्नु र त्यसको अनुसरण गरि इस्लामी निर्देश अनुसार सबै कर्महरु गर्नु जसतो कि नमाज र यस प्रकारका अन्य कार्यहरु ।

यस बिषय सम्बन्धित किताबहरु इस्लामी कार्यालय र पुस्तकालयहरुमा प्रयाप्त मात्रामा पाइन्छ ।